# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १५३ | काठमाडौं | मंगलबार, ०७ असोज २०८२ | Prabhab National Daily | Tuesday, 23 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**रेविज: तथ्य बुझौं, त्रसित नहोऔं**

रेविज: कुकुर तथा जंगली जनावरको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।

यसबाट बच्न:
- घरपालुवा जनावरलाई नियमितरूपमा रेविजविरूद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरून्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं,
- जनावरले टोकेमा तुरून्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकमीको सल्लाहबमोजिम रेविजविरूद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रूपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरसँग टाढा बसौं,रेविजको उपचार हुँदैन, सतर्कता अपनाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


# नेतृत्व फेर्न कांग्रेसमा विशेष महाधिवेशनको माग





पार्टीले विशेष महाधिवेशन बोलाउनैपर्छ । नेतृत्व नै फेर्नुपर्छ । जनताले विश्वास गरेका अनुहार, जनताले पत्याउने अनुहार हामी नेतृत्वमा पुऱ्याउँछौं ।

**गुरुराज घिमिरे**
पूर्व केन्द्रीय सदस्य, नेपाली कांग्रेस

**प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी विद्रोहसँगै नेपाली कांग्रेसमा विशेष महाधिवेशन गरेरै भए पनि नेतृत्व फेर्नुपर्ने माग बढ्दै गएको छ । सुरुमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले उठाएको यो आवाजमा महाधिवेशन प्रतिनिधिहरूलेसमेत साथ दिन थालेका छन् ।

सोमबार कांग्रेस नेता गुरुराज घिमिरेले यो अभियान सुरु गर्दै नेतृत्व फेर्ने पर्ने बेला भइसकेको बताए । 'पार्टीले विशेष महाधिवेशन बोलाउनैपर्छ । नेतृत्व नै फेर्नुपर्छ,' पूर्वकेन्द्रीय सदस्य घिमिरेले भने, 'जनताले विश्वास गरेका अनुहार, जनताले पत्याउने अनुहार हामी नेतृत्वमा पुऱ्याउँछौं ।'

विशेष परिस्थिति सिर्जना भएको अवस्थामा केन्द्रीय समितिले विशेष महाधिवेशन बोलाउन सक्छ । तर अहिले केन्द्रीय समिति खासै संवेदनशील नदेखिएको घिमिरेको भनाइ छ । त्यसैले अब विधानअनुसार ४० प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर गरी विशेष महाधिवेशन माग्न लागिएको हो । विधानअनुसार बोलाउन केन्द्रीय समितिका ४० प्रतिशतले महाधिवेशनको माग गरेमा तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्छ ।

क्रमश: पृष्ठ २ मा

## माओवादीमा अध्यक्षबाटै विशेष महाधिवेशनको प्रस्ताव

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्रले केन्द्रीय समिति विघटन गरी महाधिवेशन आयोजक समिति बनाउने प्रस्ताव आसन्न केन्द्रीय समिति बैठकमा लैजाने निर्णय गरेको छ ।

पार्टी मुख्यालय पेरिसडाँडामा आइतबार बसेको पदाधिकारी बैठकमा अध्यक्ष पुष्पकमल दाहालले मंसिरमा विशेष महाधिवेशन गर्न प्रस्ताव गरेका हुन् । 'विशेष परिस्थिति हो विशेष महाधिवेशन गरौं नयाँ नेतृत्व चयन गरौं,' बैठकमा दाहालले भने ।

क्रमश: पृष्ठ २ मा

# कार्की क्याबिनेटमा थप चार विज्ञको 'इन्ट्री'


- मन्त्रिपरिषद् दोस्रोपटक विस्तार, बन्यो आठ सदस्यीय
- शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री डा. महावीर पुन, कृषि तथा पशुपन्छी विकासमन्त्री डा. मदन परियार, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिल सिन्हा र सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सम्हाले पदभार
- प्रधानमन्त्री कार्कीको काँधमा अझै नौ मन्त्रालय
- भ्रष्टाचार प्रकरणले डा. संगीता कौशल मिश्राको मन्त्री बन्ने सपना अधुरै



**अनिलकुमार सिन्हा**
कानुन, उद्योग र भूमीमन्त्री



**महावीर पुन**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री



**डा. मदनप्रसाद परियार**
कृषि तथा पशुपन्छी विकासमन्त्री



**जगदीश खरेल**
सञ्चार तथा सूचना प्रविधिमन्त्री

**जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले ख्यातिप्राप्त व्यक्तित्वहरूलाई समेटेर दोस्रोपटक मन्त्रिपरिषद् विस्तार गरेकी छन् । विस्तारित मन्त्रिपरिषद्मा वैज्ञानिक, पूर्वन्यायाधीश, कृषि इन्जिनियरदेखि पत्रकारसम्म समेटिएका छन् ।

यसअघि ३० भदौमा मन्त्रिपरिषद् गठन गर्दा कार्कीको रोजाइमा ख्यातिप्राप्त अर्थशास्त्री, उज्यालो नेपालका नायकदेखि भ्रष्टाचारविरुद्ध बहस र पैरवी गर्दै आएका अधिवक्ता परेका थिए ।

प्रतिनिधिसभा चुनाव गर्नुपर्ने, जेन-जी आन्दोलनको मर्मअनुसार भ्रष्टाचार नियन्त्रणका लागि कदम चाल्नुपर्नेसँगै आन्दोलनमा भएको दमनबारे न्यायिक जाँचबुझ गर्नुपर्ने मूल दायित्व भएको कार्की सरकारमा जनताले रुचाएका व्यक्तित्वहरू अटाएका हुन् । यसले सरकारप्रति जनभरोसा बढाउने अपेक्षा गरिएको छ ।

### काविल न्यायमूर्ति सिन्हालाई तीन मन्त्रालय

पूर्वप्रधानन्यायाधीससमेत रहेकी प्रधानमन्त्री कार्कीले आफ्नो मन्त्रिपरिषद्मा सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिल सिन्हालाई कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीको जिम्मेवारी दिएकी छन् । न्यायाधीश छँदा सिन्हा काविल न्यायमूर्तिका रूपमा चिनिएका थिए । उनै सिन्हाले उद्योग र भूमि मन्त्रालयकोसमेत जिम्मेवारी पाएका छन् ।

नेपाल ल क्याम्पसबाट २०३९ सालमा उनले स्नातक उत्तीर्ण गरेका थिए । २०७३ सालसम्म निरन्तर वकालत गरे । त्यसपछि उनी सर्वोच्च अदालतका न्यायाधीश बने । १५ कात्तिक २०८० मा उनले अनिवार्य अवकाश पाए । उनी कर्पोरेट अधिवक्ता थिए । तर, न्यायाधीश भएको पहिलो दिन इजलासमा फौजदारी मुद्दा हेरेका थिए । उनले २०३८ सालमा नेपाल ल क्याम्पसबाट बीएल उतीर्ण गरेका थिए । उद्योगमन्त्रीकोसमेत जिम्मेवारी पाएका सिन्हाले सहिद परिवारलाई रोजगारी र स्वदेशी उत्पादनको प्रयोग गर्ने निर्णय गरेका छन् ।

### वैज्ञानिक पुनले सम्हाले शिक्षा मन्त्रालयको बागडोर

वीरगञ्जको कृषि औजार कारखाना सञ्चालन गर्न देशको सुदूरपूर्वी जिल्ला ताप्लेजुङमा आफ्नै आत्मकथा पुस्तक बिक्री गर्दागर्दै वैज्ञानिक महावीर पुन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री भएका छन् । उनले सोमबार पदभार ग्रहण गरे । उनले मन्त्री क्वार्टर भैंसेपाटी नजाने बताउँदै मन्त्रालयकै एउटा कोठामा बस्ने र किचेनमा आफैं पकाउने बताए । उनले यसबारे कर्मचारीहरूलाई सोमबार भने, 'मन्त्री क्वार्टर चाहिँदैन । यहीँ कोठा बनाउनू । सुत्ने खाट र टेबल भए पुग्छ । आफैं पकाएर खान्छु ।' उनले सुरक्षाकर्मी पनि नचाहिने बताएका छन् ।

पदभार ग्रहण गर्ने क्रममा पुनले अन्तरिक्ष प्रविधि, न्युक्लियर टेक्नोलोजी, बायोटेक्नोलोजी र सूचना प्रविधि तथा एआईसम्बन्धी सल्लाहकार समिति गठनको निर्णय गरेका छन् ।

क्रमश: पृष्ठ २ मा

## यसकारण रोकियो डा. मिश्राको नियुक्ति

यसअघि सोमबार साँझ स्वास्थ्य तथा जनसंख्यामन्त्रीमा अतिरिक्त स्वास्थ्य सचिव डा. संगीता कौशल मिश्रालाई प्रधानमन्त्री कार्कीले राष्ट्रपतिकहाँ नियुक्तिका लागि सिफारिस गरेकी थिइन् । तर, स्वास्थ्य सेवा विभागको महानिर्देशक छँदा भ्रष्टाचारकाण्डमा मुछिएको भन्दै पछि उनको नाम हटाइएको थियो । उता मिश्राले भने मन्त्री हुन पदबाट राजीनामा दिएकी थिइन् । मन्त्री नियुक्ति रोकिएपछि उनले दुवैतर्फको अवसर गुमाएकी छन् ।

**प्रधानमन्त्रीको काँधमा अझै नौ मन्त्रालय**

प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद् ११ सदस्यीयसम्म हुने बताएकी छन् । दोस्रोपटक मन्त्रिपरिषद् विस्तार गर्दा आठ सदस्यीय भएको छ । अझै प्रधानमन्त्री कार्कीको काँधमा नौ वटा मन्त्रालय छन् । खानेपानी, परराष्ट्र, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद, रक्षा, वन तथा वातावरण, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कार्की मातहतमै छन् ।

यसअघि ३० भदौमा कार्कीले पूर्वअर्थसचिव रामेश्वर खनाललाई अर्थमन्त्री नियुक्त गरेकी थिइन् । उनी ख्यातिप्राप्त अर्थशास्त्री हुन् । उज्यालो नेपालका नायक भनिने नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङलाई ऊर्जा, भौतिक र सहरी विकासमन्त्री नियुक्त गरेकी थिइन् ।

क्रमश: पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

जेन-जी आन्दोलनको प्रभाव

# युएईपछि साउदीमा पनि श्रमिक लैजाने प्रक्रियामा कडाइ

## मलेसिया र कतारमा नियमित चलिरहेको व्यवसायीको भनाइ

**ममता थापा**

**काठमाडौं–** गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा भएको तोडफोड र आगजनी तथा जेलबाट कैदीबन्दी भागेको घटनालाई लिएर विभिन्न मुलुकले नेपाली नागरिकलाई भिसामा कडाइ गरेसँगै वैदेशिक रोजगार क्षेत्र प्रभावित हुने चिन्ता बढेको छ ।

विशेषगरी धेरै कामदार लगिरहेका खाडी मुलुकहरूले भिसामा कडाइ गर्दा सरोकारवालाहरू चिन्तित बनेका हुन् । संयुक्त अरब इमिरेट्स (युएई)ले भिजिट तथा वर्किङ भिसा बन्द गरेसँगै त्यहाँ जाने तयारीमा रहेका कामदारहरू र युएईमा कामदार पठाउँदै आएका म्यानपावर कम्पनीहरू प्रभावित बनेका छन् ।

यता साउदी अरेबियाले पनि श्रमिक लैजाने प्रक्रियामा कडाइ गरेको व्यवसायीहरू बताएका छन् । गत सेप्टेम्बर १५ बाट युएईले भिजिट भिसा बन्द गरेलगतै वर्किङ भिसा पनि बन्द गरेको थियो । युएईले सुरुआत गरेसँगै साउदीले पनि कडाइ गर्न थालेको आशंका व्यवसायहरूले गरेका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष तथा साउदी संयोजक बैकुण्ठ पौडेल वैभव करिब दुई सातादेखि साउदीको भिसा नलागेको बताउँछन् । यद्यपि, यस बीचमा विभिन्न कारणले बिदा बढी परेकाले के भएको हो भन्ने यकीन गर्नसक्ने अवस्था नभएको उनले बताए ।

'साउदी भिसाका लागि पेस गरिएको पासपोर्ट 'होल्ड' भइरहेको छ । एप्लाइ गरेकाहरूको पनि विगत दुई हप्तादेखि भिसा लागिरहेको छैन । साउदीमा पुलिस रिपोर्टसहित जाने भएकाले बन्द नै चाहिँ गर्दैन कि भन्ने हो,' पौडेलले भने, 'बीचमा यता आन्दोलन भयो, उता पनि नेसनल डेलगायत बिदाहरू परिरहे । कडाइ गरेजस्तो त बुझिन्छ । तर खास कुराचाहिँ बुधबार दूतावास खुलेपछि थाहा हुन्छ ।'

क्रमश: पृष्ठ २ मा



## 'रोजगारदाता मुलुकलाई सरकारले विश्वास दिलाउनुपर्छ'

श्रमविद् रामेश्वर नेपाल जेन-जी आन्दोलनपछि नेपालीलाई हेर्ने दृष्टिकोण बदलिएको बताउँछन् । आन्दोलनअघि नेपालीहरू इमान्दार र सहनशील छन् भन्ने छवि भए पनि उक्त घटनापछि ध्वंसात्मक पनि रहेछन् भन्ने सन्देश पुगेको उनले बताए । यस्ता गतिविधिहरू देखेर विश्व श्रमबजार त्रसित हुनसक्ने र 'ब्याकफायर' हुनसक्ने उनको आकलन छ ।

क्रमश: पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमश:

## कार्की क्याबिनेटमा...

यी सबै सल्लाहकार समिति विज्ञान र प्रविधिसँग सम्बन्धित छन् । उनी ९ माघ २०११ मा म्याग्दीको नाडीमा जन्मेका हुन् । उनले गाउँकै विद्यालयमा कक्षा ७ सम्म अध्ययन गरे । कमजोर आर्थिक अवस्थाका कारण उनले १२ कक्षासम्म माध अध्ययन गर्न पाएका थिए । त्यसपछि झण्डै १२ वर्ष विभिन्न विद्यालयमा पढाए ।

पढाउने क्रममा अमेरिका, युरोपका विभिन्न विश्वविद्यालयमा छात्रवृत्तिका लागि आवेदन दिए । पछि अमेरिकाको 'युनिभर्सिटी अफ नेब्रास्का एट कर्नी'मा आंशिक छात्रवृत्तिमा अध्ययन गर्ने मौका पाए । सोही विश्वविद्यालयबाट उनले स्नातक तह पूरा गरे । २०४९ सालमा उनी नेपाल फर्किए । अनि, आफ्नो गाउँमा शिक्षा तथा प्रविधिको पहुँच विस्तारको काम गरे । त्यस क्रममा उनी ताररहित प्रविधिबाट ग्रामीण जनतालाई इन्टरनेट सेवा दिन सफल भए, जसबापत उनले एसियाको नोबेल पुरस्कार भनिने रोमन म्यागसेसे पुरस्कार सन् २००७ मा पाए ।

नेपाल सरकारले २०७९ सालमा एक करोड रूपैयाँ राशिको भवन कीर्ति रत्न पुरस्कारबाट पुनलाई सम्मान गरेको थियो । पुन 'इन्टरनेट हल अफ फेम', 'समग्र सामाजिक नवीनता पुरस्कारबाट पनि पुरस्कृत भइसकेका छन् । मन्त्री हुनुअघिसम्म उनी वीरगञ्जको कृषि औजार कारखाना सञ्चालनका लागि आफ्नो आत्मकथा बिक्री गर्दै थिए ।

## कृषिविज्ञ परियारलाई कृषिकै जिम्मा

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारमा कृषि इञ्जिनियर डा. मदनप्रसाद परियारले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् । उनी पहिलो संविधानसभामा गठित तत्कालीन उच्चस्तरीय राज्य पुनर्संरचना आयोगका अध्यक्ष थिए । उनी नेतृत्वको आयोगको बहुमत सदस्यले १४ प्रदेशको खाका प्रस्तुत गरेको थियो । तर, त्यसअनुसार प्रदेश संरचना खडा गरिएन ।

डा. परियारको खास विशेषज्ञता कृषिमा हो । उनी स्थापित कृषिविज्ञ हुन् । काठमाडौंको नागार्जुन-१० स्युचाटारका डा. परियारले थाइल्याण्डको एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीबाट वातावरण, स्रोत तथा विकास विषयमा डक्टर अफ इञ्जिनियरिङको उपाधि हासिल गरेका छन् ।

डा. परियारसँग ३० वर्षभन्दा बढी समय नेपालसहित भारत, थाइल्याण्ड र श्रीलंकाका गैरसरकारी संस्थामा काम गरेको अनुभव पनि छ । त्यसक्रममा उनले सरकारी निकायमा रहेर पनि काम गरेका थिए ।

जेन-जी आन्दोलनपछिको विषम परिस्थितिमा कृषि क्षेत्रलाई हाँक्ने जिम्मेवारी उनै डा. परियारले पाएका हुन् । उनले पदभार ग्रहण गर्ने क्रममा दूध र उखु किसानको माग सम्बोधन गर्ने निर्णय गरेका छन् । मलको समस्यालाई पनि दिगो समाधान गर्ने निर्णय गरे । तर, उनको कार्यकालको सबैभन्दा ठूलो परीक्षा मन्त्रालयमा आउने सीमित स्रोत, किसानहरूको असन्तुष्टि र बजार व्यवस्थापन चुनौती कसरी सामना गर्ने ? त्यो हुने छ ।

## पत्रकार खरेललाई सञ्चार मन्त्रालयको जिम्मेवारी

दुई दशकदेखि टेलिभिजन पत्रकारितामा रहेका जगदीश खरेलले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी पाएका छन् । यो जिम्मेवारीमा रहेर उनले सरकारको प्रवक्ताको भूमिका पनि निर्वाह गर्ने छन् ।

पत्रकारितामा छँदा उनी इमेज टेलिभिजनको समाचार सम्पादक थिए । उनी त्यहाँ 'हट सिट' नामको टक सो चलाउँथे, जुन लोकप्रिय थियो । शालीन शैलीमा खरो प्रश्न गर्ने अन्तर्वार्ताकारको छवि उनको थियो । उनी दोलखामा २२ साउन २०३९ मा जन्मिएका हुन् । उनले देशको १० वटा प्रमुख सहरका सार्वजनिकस्थलमा इन्टरनेट नि:शुल्क उपलब्ध गराउने पहिलो निर्णय गरेका छन् ।

■ ■ ■

## यसकारण...

भ्रष्टाचारविरुद्धमा बहस र पैरवी गर्दै आएका अधिवक्ता ओमप्रकाश अर्याललाई गृहसँगै कानुन, न्याय तथा संसदीय मामिलामन्त्री नियुक्त गरेकी थिइन् । सोमबार भने अर्याललाई गृहको मात्रै जिम्मेवारी दिइएको छ । कानुन मन्त्रालयको जिम्मेवारी पूर्वन्यायाधीश अनिल सिन्हालाई थपियो । अर्थमन्त्री खनालले पनि सामान्य प्रशासन मन्त्रालयको थप जिम्मेवारी पाएका छन् ।

■ ■ ■

## नेतृत्व...

कांग्रेसको विधानको धारा १७ को उपधारा २ मा भनिएको छ, 'केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउने विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्ने छ ।'

केन्द्रीय समितिले छठपछिमात्र बैठक राख्ने देखिएकाले आफूहरूले हस्ताक्षर अभियान थालेको घिमिरे बताउँछन् । 'केन्द्रीय समिति संवेदनशील देखिएन । त्यसैले हामीले यो अभियान थालेका हौं,' घिमिरेले भने । सोमबार घिमिरे, देवराज चालिसेलगायत नेताहरूको नेतृत्वमा ११० भन्दा बढी महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर गरेका छन् ।

कांग्रेसमा हाल करिब पाँच हजार महाधिवेशन प्रतिनिधि छन् । तीमध्ये ७५ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहित विशेष महाधिवेशनको माग गरिने नेता चालिसेले दाबी गरे । '७५ प्रतिशतले हस्ताक्षर गरेर दसैंलगत्तै हामी विशेष महाधिवेशन माग्दै छौं,' उनले भने ।

कांग्रेसमा महामन्त्रीद्वय थापा र शर्माले विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान चलाउने उद्घोष गरेका हुन् । दसैं तिहारमा गाउँ-गाउँ पुग्ने नेता कार्यकर्तामार्फत यो अभियान सञ्चालनको तयारीमा महामन्त्रीद्वय लागेका छन् ।

उनीहरूले युवा पुस्ताको मागअनुसार पार्टीमा नेतृत्व फेर्नुपर्ने माग गरिरहेका छन् । यसका लागि थापाले विशेष महाधिवेशन वा नियमित महाधिवेशन गर्न सकिने विकल्प प्रस्तुत गरिसकेका छन् ।

कांग्रेस सभापति शेरबहादुर देउवा भने भदौ २४ मा आफ्नै निवासमा कुटिएपछि उपचाररत छन् । उनको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको र उनी निको भएपछिमात्र केन्द्रीय समिति राख्ने तयारी कांग्रेसले गरेको छ । देउवामाथि कुटपिट भएको र उपचारसम्म पनि पर्खन नसकेको भन्दै कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले दुई महामन्त्रीमाथि प्रश्नसमेत गरेका छन् ।

'चार दिनअघि त्यही सभापति अत्यन्त ठीक हुने । नयाँ परिस्थिति बन्नेबित्तिकै एकछिन पनि हुँदैन भनेको के हो ?,' महतको प्रश्न थियो, 'आकाश झरिहाल्छ ?'

पछिल्लो परिस्थितिबारे छलफल गर्न कांग्रेसले शुक्रबार केन्द्रीय कार्यसम्पादन समिति बैठक डाकेको थियो । उक्त बैठकमा दुई महामन्त्रीले विशेष महाधिवेशनको माग गरे पनि देउवा निको नभएसम्म यसबारे निर्णय नहुने कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले अडान लिए ।

कांग्रेसको विधानअनुसार आउँदो मंसिरभित्र नियमित महाधिवेशन गरिसक्नुपर्छ । यसका लागि क्रियाशील सदस्यता विवाद अझै समाधान हुन सकेको छैन । क्रियाशील व्यवस्थापन समितिले असोज मसान्तसम्म विवाद समाधानको समय दिए पनि कहिले सुल्झिने टुंगो छैन ।

क्रियाशील व्यवस्थापन समितिको संयोजक महामन्त्री थापा हुन् । आफैं संयोजक बनेर क्रियाशील सदस्यको समस्या समाधान नगर्ने र अहिले विशेष महाधिवेशन माग्ने भन्दै उनीविरुद्ध देउवापक्षका नेताहरू आक्रोशित सुनिएका छन् । शनिबार पूर्वउपसभातिद्वय प्रकाशमान सिंह र विमलेन्द्र निधि, पूर्वमहामन्त्रीद्वय कृष्णप्रसाद सिटौला र डा. शशांक कोइराला तथा प्रवक्ता डा. महत चाक्सीबारीमा जुटेका थिए । उनीहरूले कचिङ्गल निम्त्याउने विशेष महाधिवेशनको पक्षमा नलाग्न सुझाएका थिए ।

देउवा १३औं र १४औं महाधिवेशन गरी दुई कार्यकाल सभापति भएका हुन् । नियमित प्रक्रियामा अघि बढेको भए आउँदो मंसिरमा कांग्रेसको १५औं महाधिवेशन हुनुपर्ने हो । तर क्रियाशील सदस्यमा विवाद देखाउँदै कांग्रेसले महाधिवेशन टार्दै आएको छ । महाधिवेशन तयारीका लागि कम्तीमा छ महिना अगाडि नै मिति घोषणा गर्नुपर्छ ।

नेकपा एमालेसँग सत्ता गठबन्धन गरेसँगै एक वर्षपछि देउवा प्रधानमन्त्री हुने पालो कुर्दै थिए । तर जेन-जी विद्रोहपछि एमाले अध्यक्ष केपी शर्मा ओलीले राजीनामा दिएका छन् भने प्रतिनिधिसभा भंग भएको छ । योसँगै फेरि प्रधानमन्त्री बन्ने देउवाको सपना तत्कालका लागि असम्भव देखिएको छ । यही मौकामा कांग्रेसका युवा नेताले विशेष महाधिवेशनको माग गरेका हुन् ।

■ ■ ■

## माओवादीमा...

दाहालको संयोजकत्वमा महाधिवेशन आयोजक समिति बनाउने प्रस्ताव केन्द्रीय समितिको 'एजेण्डा'का रूपमा प्रस्तुत गर्ने निर्णय भएको उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए । 'महाधिवशेनमा जाने कुरा भइरहेको थियो, बदलिँदो परिस्थितिमा आधिकारिक मञ्चबाट संस्थागत धारणा बनाउनुपर्ने आवश्यकता भयो । पार्टी जीवनको सबैभन्दा सर्वोच्च संस्था महाधिवशेन हो,' प्रवक्ता सापकोटाले भने, 'महाधिवेशनमा जानका लागि मौजुदा केन्द्रीय समिति विघटन गरेर अध्यक्षको संयोजकत्वमा महाधिवेशन आयोजक समिति बनाउने प्रचलन छ ।'

विशेष महाधिवशेनसम्बन्धी प्रस्तावमाथि छलफल गर्न माओवादी केन्द्रले भोलि बुधबार स्थायी समिति बैठक बोलाएको छ । उक्त बैठकमा पदाधिकारी बैठकको निर्णयबारे छलफल हुने छ । केन्द्रीय समितिको बैठक बिहीबार (९ गते) बस्ने छ । केन्द्रीय समिति बैठकले पदाधिकारी बैठकका प्रस्तावमाथि छलफल गरी निर्णय लिने छ ।

■ ■ ■

## युएईपछि साउदीमा...

आन्दोलनका कारण कैदीहरू जेल तोडेर भागेका कारण सुरक्षाको विषयलाई ध्यानमा राख्दै युएईले भिसा रोकेको बताइएको छ । यस विषयमा आधिकारिक जानकारी भने आएको छैन । युएईले भिसा रोकेसँगै मलेसिया र कतारले पनि कडाइ गर्न थालेको बताइएको छ । तर, मलेसियामा कामदार पठाउँदै आएका व्यवसायी दीपक हालसम्म मलेसियाले भिसा दिइरहेको बताउँछन् । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्षसमेत रहेका थापाले मलेसियाको भिसा प्रक्रियामा कुनै फेरबदल नदेखिएकोले हल्लाको भरमा त्रसित नहुन आग्रह गरे ।

'मलेसियाको मेडिकल सोमबार पनि गराएँ । भिसा एप्लाई पनि भएको छ । एप्रुभल पनि निस्किएकै छ । आजको दिनसम्म सबै काम गर्न मिलेको छ । केही परिवर्तन आएको छैन । उताबाट कुनै सूचना पनि निस्किएको छैन । यस्तो खबरलाई कसरी आधिकारिक भन्ने ?,' उनले प्रश्न गरे । युएईबाहेकका मुलुकको भिसा ननिस्किएको भनेर कुनै व्यवसायीबाट नसुनेको उनले बताए ।

कतारमा कामदार पठाउँदै आएका व्यवसायीहरूले भिसा निरन्तर प्राप्त भइरहेको बताए । कतारको भिसा प्रणाली केही सुस्त भएर भिसा प्रिन्ट हुन ढिलाइ भए पनि कामदार लैजान रोक नलगाएको उनको भनाइ छ । उनका अनुसार सोमबार पनि कतारको भिसा स्वीकृत भएको छ ।

■ ■ ■

## रोजगारदाता...

यदि अन्य खाडी मुलुकले पनि युएईकै बाटो अवलम्बन गरे प्रत्येक वर्ष हाम्रो श्रमबजारमा आउने पाँच लाख बेरोजगार र विगतका पनि बेरोजगारलाई व्यवस्थापन गर्न कठिन हुने श्रमविद् नेपालको भनाइ छ । तथ्यांक हेर्दा युरोपको रोजगारी बढे पनि खाडीको माग नघटेकाले विभिन्न समस्या निम्त्याउन सक्ने उनले औंल्याए ।

'लाखौंलाई खाडीले रोजगारी दिइरहेको छ । सबैभन्दा बढी श्रम स्वीकृति जहाँ हुन्छ त्यो ठाउँ नै बन्द भएपछि रोमानिया जाने दुई हजार, अन्य युरोपियन मुलुक जाने केही सयको कोटाले रोजगारीको मागलाई धान्न सक्दैन । यसले बेरोजगारीको आँधिबेहरी सिर्जना गर्छ । दोस्रो, नरोकिएको मुलुकमा मानव तस्करी र बेचबिखनका घटना बढ्छ,' श्रमविद् नेपालले भने, 'तेस्रो, लाखौं लाखको ढोका बन्द हुँदा खुला भएको ठाउँमा पठाउनका लागि रिक्रुटरले श्रमिकसँग लिने शुल्क बढाउने भए, अनि दुर्व्यवहारका घटना पनि बढ्छ जस्तो लाग्छ ।'

यस्तो अवस्था आउन नदिन सरकारले विभिन्न भूमिका खेल्नुपर्ने उनको सुझाव छ । 'सरकारले जेलबाट भागेकाहरूलाई तिम्रो देशमा आउन दिँदैनौ, उनीहरूलाई श्रम स्वीकृति नै दिँदैनौं भनेर विश्वास दिलाउनुपर्छ । अर्को, हामीलाई अप्ठ्यारो परेको बेलामा सहयोग चाहिएको बेलामा यस्तो नगरिदेऊ भनेर दरिलो कूटनीतिक पहल गर्नुपर्छ,' श्रमविद् नेपालले भने, 'तेस्रोमा, नयाँ गन्तव्यहरू खोजी गर्नुपर्छ ।'

# पुनर्स्थापनाको पर्खाइमा मुक्त हलिया

**कञ्चनपुर–** संविधान जारी भएको दशक बित्तिसक्दा पनि हलिया प्रथाबाट मुक्त भएका हजारौं परिवार अझै पुनर्स्थापनाको पर्खाइमा छन् । संविधानले सुनिश्चित गरेका अधिकारको प्रत्याभूति हुन नसक्दा दासत्वको स्वरूपमा रहेको हलिया प्रथा अन्त्य भएको १७ वर्ष पुग्न लाग्दा पनि मुक्त हलियाको जीवनस्तरमा अपेक्षित सुधार आउन नसकेको हो ।

२०६५ भदौ १४ गते तत्कालीन सरकारले हलिया मुक्तिको घोषणा गरेको थियो । तत्कालीन सरकार र हलिया महासंघबीच भएको पाँच बुँदे सम्झौताको आधारमा पुनर्स्थापना कार्य अघि बढाइने सहमति भएको थियो तर समयसापेक्ष व्यवस्थापन र योजनाबद्ध कार्यान्वयन नहुँदा अपेक्षित परिणाम हासिल हुन सकेन । मुक्त हलिया समाज कञ्चनपुरका अध्यक्ष शिवी लुहार भन्छन्, 'सुरुआत राम्रै भए पनि पुनर्स्थापना कार्य अधुरो र अपूरो छ, संविधानले समानता र न्यायको अधिकार सुनिश्चित गरे पनि शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच अझै न्यून छ ।'

'विगतमा बजेट विनियोजन भए पनि प्रभावकारी ढंगले कार्यान्वयन नहुँदा पुनर्स्थापनाको काम अघि बढ्न सकेको छैन,' उनले भने, 'पहिले पुनर्स्थापना समस्या समाधान समितिमार्फत काम अघि बढ्दा केही प्रगति भएको भए पनि पछिल्लो समय संघीयता कार्यान्वयनसँगै जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएपछि पुनर्स्थापनाको कार्यले गति लिन सकेको छैन ।'

सरकारी तथ्यांकअनुसार सुदूरपश्चिम र कर्णाली प्रदेशमा तीन हजार ४०७ मुक्त हलिया परिवार अझै पुनर्स्थापना हुन बाँकी छन् । सुदूरपश्चिमका दार्चुलाबाहेकका सात जिल्ला र कर्णाली प्रदेशको सुर्खेतमा पुनर्स्थापनाको काम सम्पन्न हुन बाँकी छ ।

तथ्यांकअनुसार, प्रारम्भमा १९ हजार ५९ घरपरिवारको विवरण संकलन गरिएको थियो । त्यसमध्ये सरकारले पुन:प्रमाणीकरण गरेका १६ हजार ९५३ घरपरिवारमध्ये हालसम्म १३ हजार ५४६ परिवार मात्र पुनर्स्थापनाको प्याकेज पाएका छन् । अझै एक हजार १०४ परिवार अन्तिम किस्ताको रकम पाउनबाट बञ्चित रहेका छन् ।

कञ्चनपुरमा 'क' श्रेणीका मात्रै १०६ जनाले जग्गा खरिद र घर निर्माणको रकम पाउन बाँकी छ भने 'ख' श्रेणीका ७२३ जनाले घर निर्माणको दोस्रो किस्ता अझै प्राप्त गरेका छैनन् । मुक्त हलियाको पुनर्स्थापनामा ढिलाइ हुनुका कारणमा विभिन्न तहबीचको समन्वय अभाव प्रमुख कारण मानिन्छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पछिल्ला वर्ष बजेट नै विनियोजन नगरेपछि समस्या थप गम्भीर बनेको मुक्त हलियाहरूको बुझाइ छ ।

पूर्वसंविधानसभा सदस्य तथा हलिया आन्दोलनका अगुवा हरि श्रीपाइली भन्छन्, 'तत्कालीन समयमा लगतमा नाम छुटेका हलियाको पहिचान हुन सकेको छैन, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सशक्तिकरणलगायतका मुद्दालाई सरकारले प्राथमिकतामा राखेर प्रभावकारी कार्यान्वयन गर्न नसक्दा सम्मानजनक जीवन पाउन सकिएको छैन ।'

संघीय सरकारले वि.सं. २०७६ मा सुदूरपश्चिम प्रदेशका आठ जिल्लाका ५८ स्थानीय तहमा एक हजार ५५ परिवारको पुनर्स्थापना जिम्मेवारी हस्तान्तरण गरेको थियो । तर स्थानीय तहले त्यसलाई प्राथमिकतामा नराख्दा रकम बर्सेनि फिर्ता हुने अवस्था आएको सरोकारवालाको भनाइ छ ।

मुक्त हलियामध्ये करिब ९७ प्रतिशत दलित समुदायका व्यक्ति रहेका छन् । जातीय विभेद र छुवाछूतका कारण उनीहरूलाई स्थानीयस्तरमा होटल, पसल, डेरीजस्ता व्यवसाय सञ्चालनमा कठिनाइ हुने गरेको मुक्त हलिया लक्षी लुहार बताउँछन् । 'युवासँग सीप भए पनि पुँजी अभाव छ, सीप नभएका युवाले स्वदेश वा विदेशमा सस्तो श्रम बेच्नुपर्ने अवस्था छ,' उनले भने, 'परम्परागत व्यवसाय आधुनिक र प्रतिस्पर्धी बन्न नसक्दा रोजगारीको वैकल्पिक अवसर भेटिएको छैन ।'

राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालका अध्यक्ष ईश्वर सुनारका अनुसार, हाल सुदूरपश्चिम प्रदेश सरकारले २०८० सालमा 'मुक्त हलिया, कमैया, कम्लहरी पुनर्स्थापना कार्यविधि' पारित गरी कार्यान्वयन चरणमा ल्याएको छ । चालु आर्थिक वर्षमामात्र १०० परिवारका लागि आवास निर्माणमा तीन करोड ५० लाख रूपैयाँ विनियोजन गरिएको छ ।

उनी भन्छन्, 'नीतिगत उपलब्धि भए पनि देखिने परिणाम आएको छैन, स्थानीय तहले कार्यविधि पारित गरे पनि तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरणमा सुस्त गति देखिएको छ ।' अहिलेको राजनीतिक उथलपुथलले मुक्त हलिया पुनर्स्थापना कार्यले गति लिनेमा उनी शंका व्यक्त गर्छन् ।

मुक्त हलियाका लागि छुट्टै नीति नहुँदा संविधान, श्रम ऐन, स्थानीय सरकार सञ्चालन ऐनलगायतका कानुनमा उल्लिखित अधिकार कार्यान्वयनको तहमा कमजोर भएको सरोकारवालाको ठहर छ । संविधानले प्रत्येक नागरिकलाई समानता, शिक्षा, स्वास्थ्य, रोजगारी, आवासजस्ता मौलिक हक सुनिश्चित गरेको छ तर दासत्वबाट मुक्त भएको डेढ दशकभन्दा बढी समय बित्दा पनि हजारौं हलिया परिवार अझै सम्मानजनक जीवन व्यतीत गर्न नसक्नु गम्भीर प्रश्न बनेको छ ।

'परिचयपत्र पाएका तर अन्तिम किस्ताको रकम नपाएका परिवारलाई प्राथमिकतामा राखी प्याकेज दिनुपर्छ, पुनर्स्थापना हुनबाट छुटेका परिवारलाई पुनर्स्थापना गरिनुपर्छ,' हलिया अधिकारको क्षेत्रमा कार्यरत हरिसिंह बोहरा भन्छन्, 'संविधानले दिएको अधिकार कार्यान्वयन नभएसम्म मुक्त हलियाले वास्तविक अर्थमा स्वतन्त्रता र सम्मानित जीवन पाउँदैनन् ।'

प्रदेश सरकार र स्थानीय तहले हलिया परिवारका लागि खानेपानी, बिजुली, स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासमा ध्यान दिनुपर्ने उनको माग छ । साथै, परम्परागत व्यवसायलाई आधुनिकीकरण गरी सीपमूलक तालिम, रोजगारी र उद्यमशीलताको अवसर उपलब्ध गराउनुपर्नेमा उनको जोड रहेको छ । *रासस*


### स्कुटर हराएको सूचना

यहि मिति २०८२।०५।३१ गते का.जि.का.म.न.पा.-३१ आलोकनगर स्थित आफ्नै घरको गेटकै आडैमा पार्किङ गरिराखेको सेतो रङ्गको **Yamaha RayZRSR 125 OBDII** मोडलको निम्नानुसारको स्कुटर बेलुकी पख अन्दाजी ९ बजे भित्र हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले तलको ठेगाना, मोबाइल नं. तथा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : अपर्णा पंगेनी**
**स्कुटर नं.: बा.प्र.२-०५३- प १९४१**
**च्यासिस नं.: ME1SEK77R0088205**
**मोडल भरजन. : BKX700-070C**
**इन्जिन नं. : E33SE0738355**
**ठेगाना : का.म.न.पा-३१, आलोकनगर, काठमाडौं**
**सम्पर्क नं. ९८५११५३२५२/९८४४५४७७५७**

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०५।१४ गते का.जि.ता.न.पा. २ काभ्रेस्थली, घरको पार्किङ स्थानमा पार्किङ गरिराखेको कालो/रातो रङ्को १५० सी.सी बजाज पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास अटोक्राफ्ट**
**धनीको नाम : कृष्ण कार्की**
**बाइक नं.: बा.प्र. ०२-०५३ प ४६५६**
**च्यासिस नं.: MD2A11CX2RPE60486**
**इन्जिन नं. : DHXPRE25026**
**ठेगाना : ता.न.-२, काठमाडौं, काभ्रेस्थली**
**सम्पर्क नं. ९८४३६००७२५/९८६६०५००२१**

### SAMAR TRADE CONCERN
Chabahil, Kathmandu

| ITEM NAME | MODEL NO. | MRP |
|---|---|---|
| RANGEHOOD | HC-3 | 13000 |

*Maximum Retail Price:*
**Mobile No: 9851094690**

### हिमालयन कृषि उद्योग लिमिटेड
**विशेष साधारण सभा सम्बन्धी सुचना**
(दोस्रो पटक प्रकाशित मिति २०८२/०६/०७ गते)

**आदरणीय शेयरधनी महानुभावहरु,**
यस संस्थाको सञ्चालक समितिको मिति २०८२/०५/१० गते वसेको बैठकबाट निर्णय भए बमोजिम यस संस्थाको विषेश साधारण सभा देहायमा उल्लेखित विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि मिति २०८२ साल असोज १६ गते दिनको ११ बजे कम्पनीको रजिष्टर्ड कार्यलयमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरु :**
१. चीनबाट ठोस र तरल जैविक मल उत्पादनका लागि मेसिनरी खरिदको बारेमा छलफल र अनुमोदन गर्ने ।
२. कारखानाको परिसर स्थापनाका लागि जग्गा अधिग्रहणको आवश्यकताको बारेमा छलफल र अनुमोदन गर्ने ।
३. वित्तीय संस्थानहरू मार्फत परियोजना वित्तपोषण व्यवस्थाको बारेमा छलफल र अनुमोदन गर्ने ।
४. आवश्यकता अनुसार कम्पनीले ESOP योजनाहरू स्वामित्व र व्यवस्थापन गर्ने प्रस्तावलाई विचार र अनुमोदन गर्ने ।
५. रणनीतिक व्यापार योजना तथा सेयर संरचना बारे छलफल गर्ने तथा आवश्यक निर्णय लिने ।
६. कानून अनुसार आवश्यक वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रक्रिया सुरुवातको बारेमा छलफल र अनुमोदन गर्ने ।
७. कम्पनीले परियोजना संचालन गर्ने प्रयोजनको लागि ऋण लिने सम्बन्धमा निर्णय गर्ने ।

**सञ्चालक समितिको आज्ञाले,**
**सागर उप्रेती**
**अध्यक्ष, संचालक समिति**


## Halesi Tuwachung Municipality
## Office of the Municipal Executive
**Durchhim, Khotang**
**Koshi Province, Nepal**

# Invitation for Electronic Bids

**First Date of Publication: 2082/06/07 (23-09-2025)**

1. The Halesi Tuwachung Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding Procedure:

| S.N. | Contract ID No. | Name of Project | Estimated Amount Without VAT With PS | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | HTM/Goods/ NCB/2082/083/ No-04 | Construction Works of Kurle Rupatar Lifting Irrigation/ Dikuwa Lifting Irrigation Project | 14190494.72 | 354763.00/- (Validity 120 days) | 3000/- | 26-10-2025, 12:00 | 26-10-2025, 13:00 |

2. Bidder must submit tax clearance of FY: 2081/82 or evidence of time extension.
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Halesi Tuwachung Municipality, Durchhim, Khotang or PPMO'S websitewww.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

# घटस्थापनासहित राखियो जमरा



**काठमाडौं (प्रस)–** नवरात्रको पहिलो दिन सोमबार हिन्दू धर्मावलम्बीहरूले घरघरमा घटस्थापनासहित जमरा राखेर नवदुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजाआराधना गरेका छन् ।

घरको पूजा कोठा वा दसैं घरमा विधिपूर्वक घटस्थापना गरेपछि शैलपुत्री देवीलाई आह्वान गरी पूजाआराधना गरिएको हो । नवदुर्गामध्येकी पहिलो देवी शैलपुत्री दुर्गाका नौ मूर्तिमध्येको एक हो । गिरिराज हिमालयकी पुत्री पार्वतीदेवी नै शैलपुत्री भएको देवी कवच, मार्कण्डेयलगायत पुराण आदि ग्रन्थमा उल्लेख गरिएको छ । शैलपुत्री देवीलाई सबैकी अधिश्वरीका रूपमा पूजाआराधना गरिन्छ ।

हिमालयको तपस्या र प्रार्थनाले शैलपुत्री देवी प्रसन्न भएर उनको पुत्रीका रूपमा उत्पन्न भएको पनि विभिन्न पुराणमा उल्लेख गरिएको छ । सोमबार घटस्थापनासँगै काठमाडौं उपत्यकालगायत देशभरका शक्तिपीठमा बिहानैदेखि पूजाआराधना एवं दर्शन गर्ने भक्तजनको घुइँचो लागेको थियो ।

# जमुनाह नाकामा स्वदेश फर्कनेको घुइँचो



**नेपालगञ्ज–** दसैं सुरु भएसँगै यहाँको जमुनाह नाकामा भारतबाट फर्कनेको घुइँचो लाग्न थालेको छ । पश्चिम नेपालका विभिन्न जिल्लाबाट रोजगारीका लागि भारतका विभिन्न सहर पुगेका उनीहरू धमाधम स्वदेश फर्किन थालेपछि नाकामा घुँइचो लाग्न थालेको हो ।

इलाका प्रहरी कार्यालय जमुनाहाका प्रहरी निरीक्षक उपेन्द्रबहादुर बुढाथोकीले चाडपर्व नजिकिएसँगै भारतबाट स्वदेश फर्किनेको संख्या ह्वात्तै बढेको बताए । एक सातामा यस नाकाबाट ३५ हजार १७५ जना स्वदेश फर्किएका छन् । त्यसैगरी ३४ हजार ७१० भारततर्फ गएका छन् ।

‘आज (सोमबार)देखि त भारतबाट नेपाल आउनेको चाप बढ्न थालेको छ,’ उनले भने । दैनिक करिब दुई हजारको हाराहारीमा नेपालीहरू चाडपर्व मनाउन स्वदेश फर्किरहेको उनको भनाइ छ । केही दिनअघि भएको जेनजी प्रदर्शनका क्रममा सीमा नाका बन्द थियो । नाका पुनः सञ्चालनमा आएपछि भारतबाट आउने नेपालीको संख्या बढेको प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीले आवागमनलाई सहज बनाउन सीमा क्षेत्रमा सहायता कक्ष स्थापना गरेको छ । सो कक्ष नेपालगञ्जको बसपार्क र कोहलपुरको बसपार्कमासमेत स्थापना हुने जिल्ला प्रहरी बाँकेले जानकारी दिएको छ । *रासस*

## सडक अनुगमनपछि यातायातमन्त्री घिसिङको निर्देशन

# खाल्डाखुल्डी पुरेर चाडपर्वमा यात्रा सहज बनाउनू

■ प्रभाव संवाददाता

**काभ्रेपलाञ्चोक–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले अरनिको राजमार्गअन्तर्गत दुई सडकखण्डको सोमबार अवलोकन गरेका छन् । विस्तारित दुई खण्ड सूर्यविनायक-धुलिखेल तथा धुलिखेल-खावा सडकखण्डको अनुगमन गरी चाडपर्वमा यात्रा सहज बनाउन उनले निर्देशन दिएका छन् ।

मन्त्री घिसिङले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशक, आयोजना प्रमुख तथा निर्माण व्यवसायीसँग छलफल गरी चाडपर्वलाई ख्याल गर्दै आवागमनलाई सहज बनाउन निर्देशन दिए । ‘सडकमा खाल्डाखुल्डी पुरेर भए पनि यात्रा सहज बनाउन निर्देशन दिएका छन् । हामी सोहीअनुसार तयारी गर्दैछौं,’ सडक डिभिजन कार्यालय भक्तपुरका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले भने ।

उनका अनुसार विस्तारित अरनिको राजर्मागका राजमार्गको क्षतिग्रस्त सडकमा खाल्डाखुल्डी पुरेर यात्रा सहज गराउन हाल आवश्यक जनशक्तिसहित उपकरण प्रयोग गरिएको छ । घिसिङले चालु आर्थिक वर्षभित्र सडक विस्तार कार्य सम्पन्न गर्न र त्यसका लागि बजेट अभाव हुन नदिन मन्त्रलायले पहल गर्ने बताएका थिए ।

यसैबीच वर्षाका कारण रोकिएको अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक-धुलिखेल सडकखण्डमा स्तरोन्नतिको काम भदौदेखि पुनः सुरु गरिएको छ । बनेपा नगरपालिका-१० स्थित जनागाल क्षेत्रमा कालोपत्र गर्ने प्रक्रिया थालिएको आयोजनाले जानकारी दिएको छ । सडक कालोपत्र गर्नका लागि ‘सिटिबी’को काम भइरहेको सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाले जानकारी दिएको हो ।

जनागालबाट भैँसेपाटीहुँदै साँगातर्फ ‘सिटिबी’को काम सुरु भएको आयोजनाका इञ्जिनियर विष्णुप्रसाद खनालले जानकारी दिए । यसअघि असार र साउन महिनामा मनसुनका कारण विस्तार कार्य रोकिएको उनले बताए ।

बनेपाको पुलबजार क्षेत्रमा भने करिब छ महिनादेखि स्थानीयको अवरोधका कारण काम ठप्प छ । उक्त क्षेत्रको करिब २०० मिटर क्षेत्रमा ‘सेन्टर लाइन’को विषयलाई लिएर स्थानीयले अवरोध गरेपछि विस्तार कार्य रोकिएको हो । सेन्टर लाइनबाट दायाँबायाँ ७५/७५ फिट (१५० फिट)मध्ये पनि १४० फिटमा काम भइरहेकामा स्थानीयले दुवैतर्फका घरमा बराबर छुटचाउनुपर्ने माग गरिरहेका छन् । अवरोध हटाउन प्रयास गरिए पनि समस्या सुल्झेको छैन ।

हाल बनेपाको पूर्वीतर्फ चण्डेश्वरी खोलादेखि बनेपा चारदोबाटोसम्म करिब एक किलोमिटर सडकको ढल निर्माण कार्य भइरहेको छ । पुलबजारबाहेक सूर्यविनायकदेखि धुलिखेलसम्मका अन्य स्थानमा भने छोटो खण्ड-खण्डमा काम भइरहेको खनालले बताए । उनका अनुसार धुलिखेल क्षेत्रमा कामले गति लिइरहेकाले हाल एक किलोमिटर क्षेत्रमा पर्खाल, ड्रेन, पेवमेन्टको काम सकिएको छ भने केही दिनमै सडक कालोपत्रका लागि तयारी भइरहेको छ । धुलिखेलको २८ किलो भन्ने स्थानमा एक घर हटाउन तथा केही स्थानमा विद्युत्को हाइटेन्सन लाइनका पोल सार्न बाँकी रहेको जनाइएको छ ।

२०७९ पुस २४ बाट सुरु गरिएको १६ किलोमिटर लम्बाइको यो सडक ३६ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । उक्त सडकखण्ड सूर्यविनायकबाट साँगासम्म र साँगाबाट धुलिखेलसम्म गरी दुई खण्डमा विभाजन गरी ठेक्का सम्झौता भई विस्तारको काम भइरहेको छ । हाल दुई खण्डमध्ये सूर्यविनायक-साँगा खण्डको ३७ प्रतिशत र साँगा-धुलिखेल खण्डमा ५० प्रतिशत काम सकिएको खनालले जानकारी दिए ।साँगा-धुलिखेल खण्डमा बनेपाको सहरी क्षेत्रमा पुललगायत व्यक्तिगत घरको विवाद तथा मापदण्डभित्रका घर भत्काउन नसक्दा ढिलाइ भएको र समयसीमासम्म करिब ६५ प्रतिशत भौतिक निर्माणको काम हुने उनले बताए ।

## कोदारी राजमार्ग सञ्चालनमा

**काठमाडौं (प्रस)–** चीनसँगको प्रमुख व्यापारिक नाका तातोपानीसँग जोड्ने कोदारी राजमार्ग सोमबार दिउँसोदेखि सञ्चालनमा आएको छ । सडक विभागका प्रवक्ता प्रभातकुमार झाका अनुसार सो राजमार्गअन्तर्गत भोटेकोशी गाउँपालिका-२ कोदारी, इर्कुसहित पाँच स्थानको पहिरो हटाएर सडक सञ्चालन गरिएको हो ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङ, मन्त्रालयका सचिव केशव शर्मा, सडक विभागका महानिर्देशक विजय जैशीलगायतको टोलीले उक्त सडकको स्थलगत अनुगमन गरी सडकको अवस्थाबारे जानकारी लिएका थिए ।

अनुगमनका क्रममा पहिरोबाट सबैभन्दा बढी प्रभावित इर्कु क्षेत्रका बासिन्दासँग छलफल गरी बस्तीको जोखिम न्यूनीकरणका उपाय, सडकलाई स्थायीरूपमा सञ्चालन गर्न दीर्घकालीन प्राविधिक कार्यसहितका विषयमासमेत छलफल गरिएको थियो ।

Khumbu Pasanglhamu Rural Municipality
**Office of the Rural Municipal Executive**
**Chaurikharka, Solukhumbu, Koshi Province**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८२/०६/०७ **(23 Sep,2025)**

यस कार्यालयबाट मिति २०८२/०५/०२ मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| IFB No. | Description of Work | Bidder Selected | Bid Price (Including VAT), NRs | Remarks |
|---|---|---|---|---|
| 02/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Chyading Tole Branch Road Upgrading and Sewage Management | Mongolian Infrastructure Group Pvt Ltd, Kathmandu | 1970203.39 | |
| 03/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Namche Haat Bazar Management | M. K. Nirman Sewa, Solududhkunda-04, Solukhumbu | 1421857.02 | |
| 04/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Ngotungla-Tate Road Track Opening Work | RP Contraction and Suppliers Firm, Solududhkunda-06, Solukhumbu | 1798796.15 | |

**नेपाल सरकार**
**सहरी विकास मन्त्रालय**
**काठमाडौं उपत्यका विकास प्राधिकरण**
**Project: Urban Ecosystem-based Adapataion for Climate Resilient Development in Kathmandu Valley, Nepal**
**अनामनगर, काठमाण्डौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८२।०६।०७**

यस कार्यालयको मिति २०८२/०२/२९ मा हिमालय टाईम्स राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम निम्न कार्यहरुका लागि अनलाईन मार्फत दर्ता हुन आएका बोलपत्र मध्ये तपसिल बमोजिमका सारभुत रुपमा प्रभावग्राह्य न्युनतम मूल्याङ्कित बोलपत्रहरु स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरु लाई ७ (सात) दिने आशयको सुचना समेत यसै सुचनाबाट जानकारी गराईन्छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम | कबोल गरेको रकम रु. (पि.एस. र मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १ | UEbA/KVDA/NCB/PB/Works/2025-03 | EbA Interventions (Rainwater Harvesting, Permeable Parking Lots, Plantation) at Different Public Buildings at Tokha Municipality | M/S Crater Construction Pvt. Ltd., Madhyapur Thimi Municipality | **Nrs. 1,09,94,650.50** |

**आर्थिक प्रस्ताव खोलिने सम्बन्धि सूचना**

**प्रकाशित मिति २०८२।०६।०७**

यस कार्यालयको मिति २०८२/०२/२९ मा नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम नियमानुसार दर्ता भएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु खोलि बोलपत्र पुस्तिकामा उल्लेखित योग्यताका आधारमा प्रभावग्राही भएका देहाय बमोजिमका बोलपत्रहरुको आर्थिक प्रस्ताव तपशिलको मिति, समय र स्थानमा खोलिने भएकोले उपस्थितहुन सबैको जानकारीको लागी अनुरोध गरिन्छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १ | UEbA/KVDA/NCB/Works/2025-02 | Restoration and protection of Open Space Ecosystem at Gale and Hattichowk, Tokha | M/S Pashupati Construction, Tarakeshwor |
| २ | | | M/S Binayak-Shree Ram JV, Sukul Dhoka, Bhaktapur |
| ३ | | | M/S SV-RBNPL-PNS JV, Koteshwor, Kathmandu |

**आर्थिक प्रस्ताव खोल्ने :**
मिति : २०८२/०६/१९
समय : बिहान ११:०० बजे
स्थान : **Urban EbA Project Nepal,** अनामनगर, काठमाण्डौं

**राष्ट्रिय आयोजना निर्देशक**


**मलेसियामा रोजगार**

कम्पनी : LSW FARMING SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331408 | चलानी नं. ६०२४५१७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 3 | 0 | 1700 | ५६,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :FIVESTAR ENTERPRISE SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331410 | चलानी नं. ६०२४५१८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 10 | 0 | 1700 | ५६,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १४ गते (30th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

**साउदीमा रोजगार**

कम्पनी : LON AL-TATEEQ GENERAL CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331398 | चलानी नं. ६०२४५१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder/Painter | 1 | 0 | 1200 | ४५,०७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १४ गते (30th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEW ALFA HR SERVICES PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74

**साउदीमा रोजगार**

कम्पनी : SANDTECH GENERAL CONTRACTING SAUDI CO. LTD
पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331377 | चलानी नं. ६०२४५१६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 2500 | ९४,०९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६७,७५१ | | | | | | | |
| 3 | Painter | 3 | 0 | 1500 | ५६,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १९ गते (5th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७१/०६७/०६८
**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

**साउदीमा रोजगार**

कम्पनी : FURN DAR AL-MOUNA COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331427 | चलानी नं. ६०२४५१६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1000 | ३७,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Load And Unload Workers | 1 | 0 | 1000 | ३७,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १४ गते (30th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## लोकप्रियताको लागि जथाभावी निर्णय नहोस्

**जेन–जी विद्रोहको बलमा गठित पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको चुनावी सरकारमा नयाँ–नयाँ मन्त्रीहरू आउने क्रम जारी छ। सोमबार चार मन्त्री थपिएसँगै कार्की नेतृत्वको मन्त्रीमण्डल आठ सदस्यीय पुग्यो । मन्त्रिपरिषद्का सदस्यहरू लोकप्रिय र 'भाइरल' अनुहारका छन् । मन्त्री हुनासाथ एक न एक लोकप्रिय निर्णय गरेर चर्चामा आउने सबैको चाह देखिन्छ । चुनावी मन्त्रिपरिषद्का सदस्यहरूमा पनि यो चाह देखियो । सोमबार सञ्चारमन्त्री बनेका पत्रकार जगदीश खरेलले देशभरका १० सहरका सार्वजनिकस्थलमा इन्टरनेट निःशुल्क गर्ने घोषणा गरे ।**

**यो आफैंमा विभेदकारी निर्णय हो । राज्यले दिने सुविधा के सहर केन्द्रित जनतालेमात्र पाउने ? दुर्गम वा पिछडिएका जनताले यसबाट के सिक्ने ? कतिपय ठाउँमा नेटवर्क नपुगेर अझै पनि इन्टरनेट जडान भएको छैन । तर आफू चर्चामा आउन मन्त्री हुनासाथ लोकप्रियतावादको आडमा मन्त्रालयका कर्मचारीले नसकिने भन्दाभन्दै जबरजस्ती निर्णय गर्न लगाए । चुनावी उम्मेदवारलेझैं यसरी विभेदकारी निर्णय नहोस् भन्नेमा सबै सचेत हुनैपर्छ ।**

**अर्का मन्त्री कुलमान घिसिङले 'राइट म्यान, राइट प्लेस'को नाममा विद्युत् प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यमाथि बदला लिए । केपी शर्मा ओली नेतृत्वको पालामा लामो समय स्पष्टीकरण सोध्दै घिसिङलाई उक्त पदबाट हटाएका थिए । उक्त पदमा नियुक्ति पाएका शाक्यलाई कुलमान संलग्न मन्त्रिपरिषद्को बैठकले सोमबार हटाएका हुन् । ओली शैलीमा उत्रिएर कुलमानले लोकप्रियतावादको आड लिए ।**

**अर्थमन्त्री रामेश्वर खनालले पनि त्यस्तै निर्णय गरेर लोकप्रिय बन्ने होडमा उत्रेका छन् । खासमा तीन करोडभन्दा कमका खुद्रे आयोजनालाई अघिल्ला सरकारका अर्थमन्त्रीहरूले नै निरुत्साहित गरेका थिए । यस्ता आयोजना प्रदेश र स्थानीय तहलाई जिम्मा दिइएको थियो । तर मन्त्रिपरिषद्को बैठकबाटै तीन करोडभन्दा कमका राजनीतिक आयोजना रोक्का गरिएको भन्दै अर्थमन्त्री खनालले वाहवाही बटुल्न खोजे ।**

**महावीर पुन, ओमप्रकाश अर्यालहरूको निर्णय आउन अझै बाँकी नै छ । भाइरल मन्त्रीहरूलाई रिझाउन सचिवस्तरीय बैठकले पनि कर्मचारी कटौती गर्ने निर्णय गरिसकेको छ । सरकारले व्यापक खर्च कटौती गर्ने र पुनर्निर्माणमा ध्यान दिन यस्तो निर्णय गर्नु राम्रै हो । तर बेरोजगार दर बढिरहेको बेला यसरी कर्मचारी कटौती गर्नु सरकारका आफ्नै बुमर्‍याङ पनि हुन सक्छ । त्यसैले दीर्घकालीन असर पुग्ने खालका भाइरल निर्णय नगरियोस् । फागुन २१ गतेभित्र कसरी चुनाव सम्पन्न गराउने ? क्षतिग्रस्त संरचनाको पुनर्संरचना कसरी पुरा गर्ने ? र, जेन–जीले उठाएको भ्रष्टाचारविरुद्ध दिगो समाधानको खोजी कसरी गर्ने ? यो विषयमा सरकार लागोस् ।**

## विषम परिस्थितिमा गाउँपालिका र नगरपालिकाको सञ्चालन विधि



कृष्णहरि बास्कोटा

एकता नै बल हो । यही मान्यताका आधारमा केही दिनका लागि तोकिएको समयमा निर्वाचित प्रतिनिनिधि र कर्मचारीसँगै बसेर काम गर्दा पालिका र वडाहरूको सेवा प्रवाहलाई लयमा आउन मद्दत पुग्छ । वडामा पनि वडाध्यक्ष, सदस्यहरू, वडासचिव र कर्मचारी साथमै रहनु बेस हुन्छ । यसमा कृषि र पशुका फिल्डमा खटिने प्राविधिक कर्मचारी पनि साथमै रहनु उचित हुने छ । पालिकाभित्रका बुद्धिजीवी, समाजसेवी, आमा समूह, नागरिक समाजका अगुवा, ज्येष्ठ नागरिकलगायतसँग निरन्तर छलफल गरी पालिका र वडाको कामलाई निरन्तरता दिनु समयको माग हो ।

गत भदौ २३ र २४ गते मूलतः भ्रष्टाचारको विरोध र सुशासनको पक्षमा 'जेन-जी' पुस्ताले आह्वान गरेको आन्दोलनपछि मुलुकको राजनीतिमा ठूलो फेरबदल भएको छ । यस आन्दोलनमा केही स्थानीय तहमा पनि क्षति पुगेको छ । यस स्थितिमा ७५३ वटा स्थानीय तहमा उदाएका सिंहदरबाररूपी स्थानीय सरकारले तत्कालका लागि के कसरी काम गर्न सक्दछन् भन्ने केही खाकाका बारेमा यहाँ चर्चा गर्न खोजिएको छ ।

### शीघ्र पालिकाको नियमित सञ्चालन

सबै नगरपालिका र गाउँपालिकाका केन्द्रहरू साविकमाझैं निरन्तर सञ्चालनमा रहनुपर्छ । हालको असहज परिस्थितिमा केही दिनका लागि निश्चित समयमामात्रै पालिकाको केन्द्र र वडा कार्यालयहरू खोल्ने प्रबन्ध गर्न सकिन्छ । यसरी पालिका सञ्चालन गर्दा वरिपरि रहेका चियापसल, फोटोकपी पसललगायतको सहयोग लिनुपर्छ । कयौं पालिका र वडा कार्यालयको भवन तोडफोड भएको छ । यस अवस्थामा सम्भव भएसम्म स्थानीय कच्चापदार्थको संकलन गरी पाल वा अस्थायी टहरा निर्माण गरी सेवा सञ्चालन गर्नुपर्छ । हाल केही पालिकाका प्रमुख वा अध्यक्ष तथा वडाध्यक्षहरूकै घरबाट सेवा सञ्चालन भइरहेको बुझिएको छ । यस अवस्थामा स्कुल, स्वास्थ्यचौकी वा सामुदायिक भवनबाट पनि सेवा प्रवाह गर्न सकिन्छ । मूल कुरो, पालिका र वडा कार्यालयहरूलाई गुलजार बनाउन दैनिक कुनै एउटा विषयमा नागरिक भेला वा पालिकाको बैठक बोलाउनु उपयुक्त हुने छ । यसले पालिका र वडाप्रति सरोकारवाला जनताको अपनत्व वृद्धि गर्दछ ।

### सुरक्षामा ध्यान दिने

हालको परिस्थितिमा केही पालिकाहरू सेवा प्रवाह गर्न 'पर्ख र हेर' को अवस्थामा रहेको बुझिन्छ । यस स्थितिमा सुरक्षा चुनौतीमा सतर्कता अपनाउँदै आमजनताले पाउने सेवा प्रवाहबाटै जनसमर्थन बटुल्न सक्रिय हुनुपर्छ । यस क्रममा प्रहरी चौकीलाई पालिकाहरूले तत्कालै आवश्यक सहयोग गर्नुपर्छ । प्रहरीको मनोबल पनि उच्च गर्नुपर्छ । नेपाल प्रहरी र पालिकाका नगर प्रहरीबीच समन्वय गरी समुचितरूपमा परिचालन गर्नुपर्छ । साथै, पालिकाका निर्वाचित पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतहरूले प्रमुख जिल्ला अधिकारी (सिडिओ) र जिल्ला प्रहरी प्रमुखसँग नियमित सम्पर्कमा रहनुपर्छ । सम्भव भएमा उनीहरूलाई पालिका निरीक्षणका लागि आमन्त्रण गर्नुपर्छ ।

पालिकामा काम गर्ने जनप्रतिनिधि, कर्मचारी र पालिकामा सेवा लिन आउने सेवाग्राही सबैले सुरक्षाको अनुभूति गर्नुपर्छ । यसका लागि पालिकाको केन्द्र र वडाको केन्द्र नजिकको टोल विकास संस्थाहरूलाई परिचालन गर्नुपर्छ । नेटवर्कमा रहनुपर्छ । आवश्यकतानुसार युवाहरूको स्वयंसेवक सञ्जाल गठन गर्न सकिन्छ । यस अतिरिक्त, पालिकाभित्रका भूपू प्रहरी र सेनालाई आगामी केही महिनाका लागि म्यादी प्रहरीमा नियुक्ति गर्न पनि सकिन्छ । यिनले फागुन २१ गते हुने निर्वाचनमा सघाउन पनि सक्छन् । पालिकाभित्रको मुख्यमुख्य स्थानमा सिसी क्यामरा जडान गर्नुपर्छ । यसरी निर्वाचित जनप्रतिनिधि र कर्मचारीले आफ्नो सुरक्षाका साथै पालिकावासीमा सुरक्षाको प्रत्याभूति दिनुपर्छ ।

### सामूहिकरूपमा काम गर्ने

एकता नै बल हो । यही मान्यताका आधारमा केही दिनका लागि तोकिएको समयमा निर्वाचित प्रतिनिनिधि र कर्मचारीसँगै बसेर काम गर्दा पालिका र वडाहरूको सेवा प्रवाहलाई लयमा आउन मद्दत पुग्छ । वडामा पनि वडाध्यक्ष, सदस्यहरू, वडासचिव र कर्मचारी साथमै रहनु बेस हुन्छ । यसमा कृषि र पशुका फिल्डमा खटिने प्राविधिक कर्मचारी पनि साथमै रहनु उचित हुने छ । फिल्डमा खटिँदा समूह बनाएर जाँदा राम्रो हुन्छ । सबै पालिकाले सर्वपक्षीय बैठकको आह्वान गर्नुपर्छ । पालिकाभित्रका बुद्धिजीवी, समाजसेवी, आमा समूह, नागरिक समाजका अगुवा, ज्येष्ठ नागरिकलगायतसँग निरन्तर छलफल गरी पालिका र वडाको कामलाई निरन्तरता दिनु समयको माग हो ।

### स्कुल सञ्चालन गर्ने

पालिकाहरूले पहिलो प्राथमिकतामा राखेर विद्यार्थीको पठनपाठनलाई सञ्चालन गर्नुपर्छ । हुनतः घटस्थापनापछि स्कुलहरू दसैं छुट्टीमा जाने हुँदा दसैंपछिको योजना निर्माण गरे पनि हुन्छ । पालिकाभित्रका स्कुलहरू सञ्चालन गर्दा केही दिन भूपू शिक्षक र अभिभावकलाई पनि स्कुलमा आमन्त्रण गर्न सकिन्छ । साथै, सोही स्कुलमा पठनपाठन गरेका पूर्वविद्यार्थीलाई पनि छलफलमा डाक्न सकिन्छ । स्कुलको सञ्चालक समितिका सदस्यहरू दैनिक स्कुल गई पठनपाठनलाई उत्प्रेरित गर्नुपर्छ । स्कुल सञ्चालनले पनि पालिकालाई जीवन्त तुल्याउन प्रत्यक्ष र अप्रत्यक्षरूपमा सघाउँछ ।

### स्वास्थ्य चौकी सञ्चालन गर्ने

पालिकाभित्रका स्वास्थ्य चौकीहरू सञ्चालनमा आएको प्रचारप्रसार गरी बिरामीहरूलाई फोन गरेरै स्वास्थ्यचौकी र अस्पतालको सेवाका लागि आमन्त्रण गर्नुपर्छ । पालिकाका वडाध्यक्ष, स्वास्थ्य शाखाका कर्मचारी र सबै स्वास्थ्यकर्मी एकसाथै स्वास्थ्य चौकीमा उपस्थित भई जनताको सेवा गर्नुपर्छ । यसै समयमा पुराना बिरामीलाई पनि 'फलोअप'का लागि फोन गरेर बोलाउनुपर्छ । यी सबै प्रकारका सक्रियताले पालिकामा चहलपहल बढ्छ र पालिकाको साख पनि उच्च हुन्छ ।

### कर्मचारीको बिदा

यसपटक फूलपातीअघि कुनै पनि कर्मचारीलाई बिदामा छोड्नु हुँदैन । साथै, निर्वाचित जनप्रतिनिधिहरूले पनि पालिका छोड्नु हुँदैन । बेलाबखत निर्वाचित पदाधिकारी र कर्मचारीको घर वा आवासमा भेला भई जनताको हितका विषयमा छलफल गर्न सकिन्छ । यसअनुसार तत्काल गर्न सकिने काम तुरुन्त गरी बाँकी कामलाई जनसहभगिताका आधारमा अघि बढाउनुपर्छ ।

### अनावश्यक सुविधा नलिने

प्रचलित कानुनबमोजिम तोकिएको सुविधाबाहेक आफ्नो तजबिजी अधिकार प्रयोग गरी निर्वाचित पदाधिकारी र कर्मचारीहरूले कुनै पनि सुविधा लिनु हुँदैन । व्यक्तिगत कामका लागि पालिका छोडेर जाने र काज भत्ता लिने खाने गर्नु हुँदैन । निर्वाचित जनप्रतिनिहरू नै आर्थिक अनुशासनमा 'रोल-मोडेल' हुनुपर्छ र कर्मचारीलाई प्रेरित गर्नुपर्दछ ।

### प्रविधिको प्रयोग गर्ने

हाल पालिकाहरूले सञ्चालनमा ल्याएका सूत्रलगायतको सफ्टवेयर सञ्चालन गर्नुपर्छ । पालिकाका समग्र सूचना एकभन्दा धेरै कम्प्युटरमा राख्नुपर्दछ । सूचना प्रविधि सञ्चालन हुन नसकेमा तत्कालका लागि उपयुक्त वैकल्पिक व्यवस्था गर्नुपर्छ । पालिकाले निश्चित उद्देश्यका लागि अस्थायी सिफारिस जारी गरी समयावधि किटानी गर्न सकिन्छ । यसरी कम्प्युटरमा 'डेटा इन्ट्री' नगरी हालका लागि 'म्यानुअल' सेवा प्रवाह गरी 'पोस्ट डेटा इन्ट्री' गर्न सकिन्छ । मूल कुरो, सेवाका लागि आग्रह गर्ने जनतालाई तत्कालै सम्बोधन गर्नुपर्छ । यसअनुसार सके सेवा दिने र नसके उचित सूचना दिने प्रबन्ध गर्नुपर्छ ।

### पर्वहरूमा कार्यक्रम सञ्चालन गर्ने

हिन्दू नेपालीको महान् पर्व दसैं, तिहार, छठलगायतका पर्वहरू आँगनमै आइसकेका छन् । यस अवस्थामा पालिकाले पिङ राख्ने, सरसफाइ गर्ने, मठमन्दिरमा रङरोगन गर्ने, पोखरी बनाउने, विभिन्न पर्वको शुभकामना तुल वा फ्लेक्स टाँग्ने कार्य गर्नुपर्छ । साथै, आपूर्ति व्यवस्थामा सघाउने, बजार अनुगमन र उपभोक्ता जागरण कार्यक्रम सञ्चालन गर्ने तथा सुपथ मूल्यका पसल खोल्न पहल गर्नुपर्छ । यस अतिरिक्त, चाडपर्वभरि स्वास्थ्य सेवा दिन स्वास्थ्य चौकी खोल्ने प्रबन्ध पनि मिलाउनुपर्छ ।

### जिससको भूमिका खोजी गर्ने

हरेक जिल्लाभित्रका पालिकाहरूको सञ्जालका रूपमा रहेको जिल्ला संयोजन समितिमा तत्काल र नियमितरूपमा बैठक बस्नुपर्छ । यसबाट असल अभ्यासको आदानप्रदान हुन्छ । पालिकामा भइरहेका रचनात्मक गतिविधिको अनुगमन गर्नु गराउनुपर्छ । अन्तरपालिका बैठकमा जोड दिनुपर्छ । यी सबै कार्यले राष्ट्रिय एकता, सद्भाव र शान्ति कायम गर्न मद्दत पुग्छ ।

### राहत घोषणा गर्ने

यस असजिलो अवस्थामा सहयोगको अपेक्षा गर्ने नागरिकलाई पालिकाले राहतको घोषणा गर्नुपर्छ । यसै बखत, राजस्वमा दिइएको छुट सुविधाको प्रचार गरी समयमा राजस्व नतिरेबापत लाग्ने दण्ड जरिवानाका लागि एक महिनाको अवधि थप गरिदिनुपर्छ । यो कार्य संघीय सरकारबाट भइसकेको छ । साथै, राजस्व परामर्श समितिको बैठक डाकी उद्यमी र व्यापारीमा उत्साह तथा ढाडस दिनुपर्छ ।

### गैसससँग साझेदारी गर्ने

समाजको हितमा गैरसरकारी संस्था (गैसस)हरू पनि लागिपरेका छन् । यसर्थ, उनीहरूद्वारा सम्पादित कामको प्रशंसा गर्दै पालिकासँग सहकार्य एवं साझेदारीका लागि आह्वान गर्नुपर्छ । साथै, आमा समूह, उपभोक्ता समूह, टोल विकास संस्थाहरूलगायतसँग थप साझेदारीका लागि आग्रह गर्नु पालिकाको हितमा हुने छ ।

### अन्य रचनात्मक काम गर्ने

यस अवस्थामा बिजुली बत्ती बन्द हुन नदिन पालिकाले विशेष पहल गर्नुपर्छ । रातिको समयमा होहल्ला हुन नदिन स्थानीयको सहयोग लिनुपर्छ । यदि पालिकाको कागजात नष्ट भएको छ भने नयाँ फाइल सिर्जनाको पहल आरम्भ गर्नुपर्छ । यस अवस्थामा कुनै विकास निर्माणको काम अघि बढाउन सकिने भए त्यसको पहल गर्नुपर्छ । पालिका र वडा कार्यालयहरूलाई तत्काल सञ्चालनमा ल्याई जनताको विश्वास आर्जन गर्न विशेष पहल गर्नुपर्छ ।

विगतमा कुनै कमीकमजोरी भएको भए त्यसलाई सच्याएर अघि बढ्नुपर्छ । बजेट विनियोजनलाई सबै पक्ष र वर्गमा न्याय पर्नेगरी वितरण गर्नुपर्छ । अन्यायमा परेकालाई न्याय दिनुपर्छ । पालिकामा भएको क्षतिको विवरण दुरुस्त गर्नुपर्छ । पालिकाहरूले सम्पादन गरेको काम पारदर्शी ढंगले सार्वजनिक गरी जनताको मन जित्ने प्रयास गर्नुपर्छ । पालिकाभित्र आमजनतामा यो घरदैलोको सरकार हो, यसले हाम्रो पक्षमा काम गर्छ भन्ने सन्देश प्रवाह गर्न निर्वाचित जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीले कुनै कसर बाँकी राख्नु हुँदैन । साथै, समाजका सबै पक्ष र वर्गलगायत आम नागरिकबाट पालिका र वडा सञ्चालनमा साविकमाझैं निरन्तर सहयोग भइरहनुपर्छ । *रासस*

### श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।





बैकुण्ठ भण्डारी



## मन्त्री बन्ने कोही छ ?

चौतारामा एक हुल उमेर छिप्पेका मानिसहरू गफ लडाउँदै थिए । गफ लडाउनेमध्ये एकले भन्यो, 'अबचाहिँ केही हुन्छ !'

अर्कोले भन्यो, 'केही हुन्न ।'

अर्कोले थप्यो, 'हेर्दै जाओ न के-के हुन्छ अब हुनुसम्म हुन्छ ।'

यस्तै के हुन्छ के हुँदैन भन्नेहरूकै बोलवाला थियो । छेउमा भांग्रे काका उनीहरूका कुरा सुनेर बसिरहेका थिए । उनीहरूको कुराले दिक्क भएर होला काकाले भने, 'तोरीलाहुरेहरू ! के हुन्छ, के हुँदैन भनेर बसिरहेका छन् । कामसाम छैन, यो हुन्छ र त्यो हुन्छ भन्छन् । त्यसै तिमीहरूलाई झोले भन्या हो र ?'

'काम गर्ने कालु, मकै खाने भालु भनेजस्तै देखेनौं नाइकेहरूको दरबारमा तरबार ! सबका सब खरानी । अप्ठेरो पर्दा त कोही पनि पुगेनौं त ? सबैको भागाभाग । अहिलेचाहिँ यो र त्यो, कति जानेको हो तिमीहरूले ?' एउटाले भन्यो, 'अब त्यस्तो आगोको भुंग्रामा को जान्छ त ? त्यस्तो नाइके जोगाउन थाल्यो भने आफैं गइन्छ काका । त्यही भएर जता हावा लाग्छ उतै हो । बेकारमा टाउको दुखाउनुपर्‍यो र ?'

'तिमीहरू त 'दही चिउरे' रै'छौ । आफ्नो नाइकेलाई अप्ठेरो परेपछि सहयोग गर्नु पर्दैन ? गास छाड, साथ नछाड भन्ने कहिल्यै सुनेनौ ?,' भांग्रे काकाले भने ।

अर्कोले जवाफ फर्कायो, 'त्यस्तो दिन गए काका, हामीलाई पनि त छाड्नु भएन नि । हामीलाई त प्रयोगमात्र गर्ने त हो । त्यही भएर आको झ्याप पार्दिने हो ।'

सान्त्वना दिने शैलीमा भांग्रे काकाले भने, 'विचरा ! त्यो देउवालाई यो उमेरमा आएर टाउको फुटाए । त्यो सान त्यो मान, हैट ! सम्झिँदा पनि जीउ सिरिङ !'

'त्यस्तो हुन्छ काका, यो त सुरुआतमात्र हो,' समूहको अर्को भन्यो । ल तपाईं भन्नुस् त, '३० वर्षसम्म सत्ताको पेरिफेरि बसेर के चाहिँ गरे ? उनीहरूको सन्तान, नाता, आसेपासेबाहेक अरुले के पाए ? हामी भनेको त बेला मौकामा भ्याइदिने हो ?'

'त्यो त तिमीहरूले भन्दा मैले नै भोगेको हुँला नि ?,' भांग्रे काकाले थपे, '१७ सालदेखि मैले हेरिराको छु । सब आ-आफ्नो दुनो सोझ्याउने हुन् । हेर्दै जाओ न अब पनि हुनेवाला केही छैन । विचरा मर्ने त मरेर गए गए । तिनीहरूकै नाममा उही कुर्सी खोसाखोस हो । मलाई यो चाहियो र त्यो चाहियो भन्ने हुन !'

'होइन हो काका ल भन्नुस् यो भाकोचाहिँ के हो ? यस्तो पनि हुन्छ एकैपटक सबै सखाप ?'

'हुन्छ । सेटिङ भएपछि एकैपटक हुन्छ । यो सब 'आफू ताक्छ मुडो बञ्चरो ताक्छ घुँडो' भनेजस्तै हो । जे गर्न खोजेको त्यसको ठ्याक्कै उल्टो भयो कि भएन । मौका पाएपछि कसैले छाड्दो रैछ त ? कसका घर बाँकी रहे ? कसैले जोगाउन सक्यो । रिसको झोकमा के जे पनि हुन सक्छ भनेको यही हो ?'

'अझै के-के हुन बाँकी नै छ,' भांग्रे काकाले उनीहरूलाई भन्दै गए ।

होइन हो काका त्यसो भए चुनाउ हुन्छ कि हुँदैन हो ? चुनाव भैदिए त हाम्रा लागि राम्रै हुन्थ्यो क्यार, दुई-चार दिनको गर्जो हुन्थ्यो नि !,' अर्कोले जिज्ञासा राख्यो ।

'कसरी हुन्छ ? कसले गर्छ ? अब मन्त्री बनाउनलाई छ चोक-चोकमा बसेर, सडकमा कराउँदा त अहिलेसम्म भने जस्तो, गतिलो मान्छे पाको छैन । यस्तो नि हुन्छ परिवर्तन । त्यत्रा मान्छे मरेको, त्यत्रा सम्पत्ति खरानी भएको यसकै लागि हो र ? मेरो त मनले मानेको छैन है बाबु हो । त्यही उमेर खुस्केका र बुद्धि भड्केकाहरूलाई मन्त्री बनाउन हो र ?' टाउको कन्याउँदै केही बुझेजस्तै गरी अर्को भन्यो, 'हो काका, म पनि तीनछक्क परेको छु भन्या ! हामीले पनि त रिस उठेको नाइकेको घरमा आगो झोसेकै हो । यत्रा घर खरानी त्यसै भाको हो र ? सबै रिसै रिसको झोकमा त हो नि ।'

'हो, मैले भनेको पनि त्यही हो । रिस खा आफू बुद्धि खा अर्को ! ज्यान फाल्ने एउटा पद पाउने अर्को ? यसो मोबाइलमा हेर्‍यो । सबका सब मन्त्री । सडकमा मन्त्री, चौतारामा मन्त्री । अस्पतालमा मन्त्री ! होटलमा मन्त्री ! जहाँ पनि जो पनि मन्त्री ? विचरा, केटाहरूले त्यसकै लागि ज्यान फालेका हुन् ? ज्यान फाल्नेका परिवारलाई कस्तो भाको होला ? अस्पतालाँ बसेर गोली अझै पनि निकाल्न बाँकी भाकाको मनमा के आइरहेको होला ? सडक बसेर मन्त्रीको माग फाराम भर्न हो र ?'

'तपाईं मन्त्री बन्दिनुपर्‍यो । उहाँलाई मन्त्री बनाइदिनुपर्‍यो । यो त उहाँसँग नजिकको मान्छे, उहाँ उचित मान्छे । उहाँ फलानो एम्बेसीको मान्छे, उहाँ फलानो डोनरको संस्थाको मान्छे । खास मन्त्री बन्नका लागि चाहिनेचाहिँ के हो त ? फुटबल खेल्न त नियम चाहिन्छ । देशमा मन्त्री बन्न केही नचाहिने ? योगदान हुनै नपर्ने ? धन्न छ मेरो देश !,' भांग्रे काका आफैं चिन्तामा परे, 'म पनि त यो देशको मन्त्री बन्न लायक हो नि ? म चाहिँ किन नहुने उनीहरूचाहिँ किन हुने ?'

'हो काका । तपाईंले भन्नुभएको कुरा ठीक हो । अन्तरिम मन्त्रिपरिषद् अन्तरिम नै मन्त्री खसोखास भन्ने हो भने यो सहिदहरूमाथिको अन्याय नै हो । बालाई फालेर आमा ल्याउने आन्दोलन थियो र ? दाइलाई फालेर भाइलाई सत्ता सुम्पनका लागि जेन-जी आन्दोलन हो र ?,' अर्कोले गुनासो गर्‍यो ।

'हो, मैले भनेको नै त्यही हो । घरले जाऽजा, वनले आऽआऽ भन्ने उमेरका अल्जाइमर भाका मान्छेलाई देश सुम्पेर कसरी अवस्था परिवर्तन हुन्छ ? जे भइरहेको छ गलत भइरहेको छ । सब चलेका होइनन् । चलाइएका हुन् । यो वा त्यो नाममा त्यसैले मन्त्री बन्ने धोको छ भने चोकमा गएर बसे हुन्छ सामाजिक सञ्जालमा प्रचार गरे हुन्छ । सके नाम चलेकालाई भनेर प्रचार गर्न नै लगाए हुन्छ । आखिर देश बनाउने हो र मन्त्री बनाउने आन्दोलनमा पो परिणत भएछ हाम्रा नाति पुस्ताको आन्दोलन जय होस् । मर्ने र मार्ने दुवैको । नवरात्रमा दुर्गा माताले सबैको कल्याण गरुन् । जय नेपाल !!'



**जोखिमपूर्ण यात्रा** | कालीगण्डकी कोरिडोरको बेनी–जोमसोम–कोरला सडकअन्तर्गत म्याग्दीको रघुगंगा गाउँपालिका–२ सिरुवारीको पहिरो पार गर्दै सवारीसाधन । *तस्बिरः सन्तोष गौतम/रासस*

# क्षतिग्रस्त भवन मर्मत गरी पुनः प्रयोगमा ल्याइने

**बागमती–** जेन-जी आन्दोलनका क्रममा यही भदौ २४ गते तोडफोड र गजनीबाट क्षतिग्रस्त बागमती प्रदेश सरकारको अधिकांश मन्त्रालयका भवन एक महिनाभित्र मर्मतसम्भार गरी पुनः प्रयोगमा ल्याउने भएको छ ।

प्रदर्शनकारीले बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयसहित १० मन्त्रालयको भवनमा तोडफोड तथा आगजनी गरी क्षतिग्रस्त बनाएका थिए । क्षतिग्रस्त मन्त्रालयका भवनको प्राविधिक टोलीले गरेको अध्ययनका क्रममा सहकारी तथा गरिबी निवारण मन्त्रालयबाहेक सबै मन्त्रालयको भवन मर्मतसम्भार गरेर पुनः सञ्चालनमा ल्याउन सक्ने मूल्यांकन गरेपछि प्रदेश सरकारले ती भवनहरूको तत्काल मर्मतसम्भारको काम अघि बढाउने प्रक्रिया सुरु गरेको बागमती प्रदेश सरकारका प्रवक्ता आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले जानकारी दिए ।

उनका अनुसार क्षतिग्रस्त मन्त्रालय भवनहरूको मर्मतसम्भार गर्ने र ती मन्त्रालयहरूलाई तत्काल अन्य भवनमा अस्थायी व्यवस्थापन गरेर मन्त्रालयको काम सञ्चालन गर्ने गरी तयारी अघि बढाइएको छ । 'तोडफोड र आगजनीबाट क्षतिग्रस्त भएकामध्ये सहकारी तथा गरिबी निवारण मन्त्रालयबाहेक धेरैजसो मन्त्रालयहरूको भवनलाई मर्मतसम्भार गरी सञ्चालन गर्न सक्ने प्राविधिकबाट मूल्यांकन भएको छ,' उनले भने, 'क्षतिग्रस्त मन्त्रालयका भवनहरूको मर्मतसम्भारको काम तत्काल अघि बढाइसकेका छौं, छिट्टै काम सुरु हुन्छ ।'

हेटौंडा-१ चौकीटोलस्थित एउटै भवनमा सञ्चालनमा रहेको भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि तथा पशुपक्षी विकास मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय र खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको भवन मर्मतसम्भारको काम अघि बढाइसकेको मन्त्री तामाङले बताए ।

यस्तै हेटौंडा १० स्थित एउटै भवनमा सञ्चालित स्वास्थ्य मन्त्रालय र सामाजिक विकास मन्त्रालयको भवन पनि मर्मतसम्भार गरी सञ्चालनमा ल्याउन सक्ने प्राविधिक मूल्यांकन भएकोले ती भवनको मर्मतसम्भारको काम अघि बढाउने प्रक्रिया सुरु गरिने मन्त्री तामाङले बताए ।

उनका अनुसार क्षतिग्रस्त आन्तरिक मामिला तथा कानुन मन्त्रालयको भवन पनि तत्काल मर्मतसम्भार गरेर पुनः सञ्चालनमा ल्याउने प्रक्रिया अघि बढाइएको छ । क्षतिग्रस्त मन्त्रालय भवन एक महिनाभित्र मर्मतसम्भार गरी पुनः ती भवनबाटै मन्त्रालय सञ्चालन गर्ने गरी काम अघि बढाइएको र भवन मर्मत नभएसम्म ती सबै मन्त्रालय अस्थायीरूपमा अन्य भवनमा व्यवस्थापन गरेर सञ्चालन गर्ने तयारी भइरहेको मन्त्री तामाङले जानकारी दिए ।

त्यसमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि नवनिर्मित सहरी विकास तथा भवन कार्यालयको नयाँ भवनबाट नियमित कामकाज सञ्चालनको तयारी गरेको छ । यस्तै कृषि तथा पशुपक्षी विकास मन्त्रालय हेटौंडा उपमहानगरपालिका-१ को चाइवाक्वाटरमा रहेको आफ्नो मातहतको कृषि विकास निर्देशनालय र पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयको दुईवटा भवनमा स्थान्तरण गरी अस्थायीरूपमा सञ्चालनको तयारी भइरहेको मन्त्री तामाङको भनाइ छ ।

यस्तै स्वास्थ्य मन्त्रालय र श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौंडा-४ हुप्राचौरस्थित स्थानीय तहको भवनमा, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको भवनमा र सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई उद्योग मन्त्रालयको भवनमा स्थान्तरण गरेर अस्थायीरूपमा सञ्चालन गर्ने तयारी भएको मन्त्री तामाङले बताए । *रासस*

# हात्ती आतंकले पीडामा किसान

## धपाउने परम्परागत तरिकाबाट तर्सिन छाडेपछि चुनौती



**कञ्चनपुर–** 'साइरन बजाउँदा, उज्यालो देखाउँदा, पटाका पड्काउँदा पनि हात्ती तर्सिन छाडेका छन्,' शुक्लाफाँटा नगरपालिका-६ कसरौलका किसान दामोदर जोशी भन्छन्, 'अब त आगो बाल्दा वा टायर बालेर धपाउन खोज्दा पनि हात्ती टसकोमस हुँदैन ।'

शुक्लाफाँटा नगरपालिकाका अधिकांश किसानको साझा पीडा अहिले हात्ती आतंक बनेको छ । 'पहिले सजिलै धपाइने हात्तीका बथान अहिले यिनै तरिकामा 'अभ्यस्त' भइसकेका छन्, त्यसैले भाग्न छाडेका छन्,' उनी भन्छन् । उनका अनुसार दुई दिन अधिमात्रै नगरपालिका-५ गर्जमुनी गाउँको धानबारीमा पसेका करिब दुई दर्जन हात्तीलाई किसान, प्रहरी, निकुञ्ज सुरक्षार्थ नेपाली सेना र निकुञ्जका सुरक्षाकर्मीले निकै प्रयास गर्दा पनि निकाल्न सकेनन् ।

साँझ ८:०० बजे खेतमा पसेको हात्ती बिहान ४:०० बजेसम्म त्यहीँ रहेर धान खाए र कुल्चेर नष्ट गर्‍यो । टन्न भएपछि मात्रै हात्ती स्याली नदी तर्दै बिहानपख निकुञ्जतर्फ लागेको जोशीले बताए ।

वडाध्यक्ष चक्रबहादुर खड्काका अनुसार, एकै रातमा गर्जमुनिका किसानको करिब १० बिघाको पाक्नै लागेको धानबारी सखाप भएको छ । यसअघि पनि हात्तीले त्यसै ठाउँका किसानको तीन बिघा धानबालीमा बाला नलाग्दै क्षति पुर्‍याएका थिए । 'पहिले होहल्ला गर्दा, टिन ठटाउँदा, आगो बाल्दा वा पटाका पड्काउँदा हात्ती भाग्ने गरेका थिए,' उनले भने, 'अहिलेका हात्तीलाई यस्ता तरिकाले धपाउन सकिँदैन ।'

'हात्ती बुद्धिमान जनावर भएकाले पटक-पटक एउटै अनुभव भएपछि त्यसलाई सहजै चिन्छ त्यसैले अहिले यस्ता उपायले काम गर्दैन,' उनी भन्छन् । विगतमा मेसवायर जडान गर्दा केही समय हात्ती बस्तीमा पसेका थिएनन् । तर पछिल्ला दुई वर्षयता हात्तीले बार भत्काएर खेतबारी र गाउँ पस्न थालेको पूर्ववडाध्यक्ष जगतबहादुर सिंहले बताए ।

उनका अनुसार स्याली नदी किनारमा गरिएको दुई-स्टेपको तारजाली र तटबन्ध भएको क्षेत्रमा हात्ती छिरेको छैन । सम्भावित क्षेत्रको पहिचान गरेर यस्तै संरचना निर्माण गर्न जरुरी छ । जसबाट हात्तीको आतंक रोक्न सकिन्छ भने अर्कोतर्फ नदीका कारण भूक्षय हुने क्रमलाई रोक्न सकिन्छ ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज नजिकका बस्तीमा हरेक वर्ष हात्तीको बथानले ठूलो क्षति पुर्‍याउँदै आएको छ । पछिल्ला तीन दिनमै शुक्लाफाँटा नगरपालिकाको वडा नं ५, ६ र ७ का किसानको धानबारीमा करिब एक दर्जन परिवारले ठूलो क्षति बेहोरेका छन् ।

वडा नं ७ सिमलफाँटाका किसान दानसिंह कुँवर भन्छन्, 'धानबारीसँगै हात्ती गाउँभित्रको सडकसमेत हिँड्न थालेका छन्, यसले मानवीय क्षतिसम्मको जोखिम बढेको छ,' सुनदेवी उपभोक्ता समितिका अध्यक्ष भरतबहादुर विष्ट विद्युतीय सायरनसहितको फेन्सिङ प्रविधि ल्याउनुपर्नेमा जोड दिन्छन् । उनका अनुसार, बाँके र बर्दियामा यो प्रविधि प्रभावकारी देखिएको छ । त्यहीँ अभ्यासलाई शुक्लाफाँटामा पनि लागू गर्नुपर्ने हुन्छ । 'योभन्दा अर्को विकल्पले हात्तीलाई बस्तीमा आउनबाट रोक्न सकिँदैन,' उनले भने, 'यसका लागि सम्बन्धित पक्षले चासो देखाउनुपर्ने हुन्छ ।'

एक अध्ययनअनुसार हात्तीलाई दैनिक करिब २०० किलो खाना आवश्यक पर्छ । मकै, धान, गहुँ, मसुर, उखु र केराजस्ता बालीको गन्धले हात्तीलाई टाढैबाट आकर्षित गर्छ । नगरपालिका-६ का वडाध्यक्ष दानसिंह ऐर भन्छन्, 'यस्ता बाली निकुञ्ज छेउछाउमा लगाउनु हुँदैन, यसको सट्टा मेन्था, अदुवा, क्यामोमाइल, बेसार वा खुर्सानी लगाउन सकिन्छ तर यी बालीको किसानले पहिले खेती नगरेका भने होइनन्, बजार नपाउँदा लगाउन छाडेका छन् ।'

जडीबुटीजन्य बालीको खेतीसँगै प्रशोधन गर्नका लागि मेसिनसमेत राखेको उल्लेख गर्दै उनले यस्ता खेतीको बजार नपाउँदा छाड्दै गएको बताए । 'जडीबुटीजन्य बाली हात्तीले नष्ट नगर्नेमात्र नभई किसानको आयस्तर बढाउन पनि सहयोगी हुन्छन्,' उनले भने, 'बजार प्रवर्द्धन गर्न र किसानलाई लगाउन उत्प्रेरित गर्छौं ।'

हात्तीलाई धपाउने परम्परागत तरिका काम नलाग्ने भएकाले नयाँ प्रविधि, वैज्ञानिक अध्ययन र बस्तीमैत्री रणनीति बनाइनुपर्ने विज्ञहरूको भनाइ रहेको छ । स्थानीय तह, प्रदेश र संघीय सरकारसँगै दातृ निकायले सहकार्य गरेर नदी किनारमा तटबन्ध, इलेक्ट्रिक फेन्सिङ, वैकल्पिक बाली खेती र समुदायलाई प्राविधिक सहयोग उपलब्ध गराउन आवश्यक भएको स्थानीय किसानको भनाइ रहेको छ ।

निकुञ्जसँग जोडिएका बस्तीहरूमा मानव-हात्ती द्वन्द्व बर्सेनि बढ्दै गएको छ । भारतको दुधुवा नेसनलपार्क हुँदै निकुञ्ज छिर्ने हात्तीले बर्सेनि यस क्षेत्रमा बालीनालीमा क्षतिसँगै मानवीय र भौतिक क्षति निम्त्याउँदै आएको छ । *रासस*

# म्याग्दीको कालीपुल बसपार्कमा यात्रु सहायता कक्ष

**म्याग्दी (प्रस)–** म्याग्दी सदरमुकाम बेनीको कालीपुल बसपार्कमा सोमबार यात्रु सहायता कक्ष स्थापना भएको छ । स्थलमार्गबाट म्याग्दी भित्रने नाकामा रहेको कालीपुल बसपार्कदेखि म्याग्दीबाट लामो तथा छोटो दूरीका यातायातका साधनहरू सञ्चालन हुन्छन् ।

चाडपर्व नजिकिँदै गर्दा यात्रुलाई लक्षित गरी जिल्ला प्रहरी कार्यालयले बसपार्कमा रहेको ट्राफिक कार्यालय परिसरमा सहायता कक्ष स्थापना गरेको प्रहरी नायव उपरीक्षक सूर्यबहादुर थापाले बताए । चाडपर्वमा सर्वसाधारणसँगै मुस्ताङ जाने आउने तीर्थयात्री तथा पर्यटक र यातायात व्यावसायीलाई सहयोग एवम् सहजिकरण गर्ने उद्देश्यले सहायता कक्ष स्थापना गरिएको उनले बताए ।

सहायता कक्षमा दसैं तिहार र छठ पर्वको अवधिभर नियमितरूपमा सुरक्षाकर्मी उपस्थित हुने छन् । चाडपर्व लक्षित सुरक्षा योजनाअन्तर्गत सर्वसाधारण यात्रुलाई सार्वजनिक यातायातका साधनमार्फत यात्रा गर्दा आइपर्ने समस्या हटाउनका लागि मालिका गाउँपालिकाको केन्द्र दरवाङमा पनि सहायता कक्ष सञ्चालन गरिने प्रनाउ थापाले बताए ।

सहायता कक्षको उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति म्याग्दीकी कार्यवाहक प्रमुख डिलकुमारी खत्री र प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले चाडपर्वको समयमा सर्वसाधारणलाई सहज र सुरक्षितरूपमा यात्रा गर्ने व्यवस्था मिलाउन यातायात व्यवसायी र सुरक्षाकर्मीहरूलाई आग्रह गरे ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय म्याग्दीका प्रमुख प्रहरी सहायक निरीक्षक विशाल परियारले सहायता कक्ष सञ्चालनका साथै दुर्घटना न्यूनीकरणका लागि नियमित जाँचलाई निरन्तरता दिएको बताए ।


**साउदीमा रोजगार** कम्पनी : AL-SHIFA MEDICAL PRODUCTS COMPANY, A CLOSED JOINT-STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331369 | चलानी नं. ६०२४५१४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | packing and packaging worker (HELPER) | 5 | 0 | 1000 | ३७,५६० | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १४ गते (30th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gandaki Gurkhas Pvt. Ltd. — श्रम ईजाजत नं. ६३०/०६३/०६४

New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



**साउदीमा रोजगार** कम्पनी : KINGDOM TECHNOLOGY GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331379 | चलानी नं. ६०२४५१५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 2 | 0 | 1000 | ३७,५६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १४ गते (30th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd. — श्रम ईजाजत नं. ६१९/०६३/०६४

Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org





प्रभाव दैनिक



## घटस्थापनामा 'लज्जावती' शुभमुहूर्त


राजबहादुर सानेको निर्देशन रहने फिल्म 'लज्जावती' को शुभमुहूर्त गरिएको छ । सोमबार घटस्थापनाको अवसर पारेर पशुपतिनाथ मन्दिर परिसरमा एक कार्यक्रमका बिच फिल्मको शुभमुहूर्त गरिएको हो । कार्यक्रममा मुकुन भुसाल, श्रीकृष्ण निरौला, मेनुका माझी र जानुका विश्वकर्माले मुहूर्त सट दिएका थिए । फिल्मको मुर्हूतसँगै छायांकन सुरू भएको छ । फिल्मको छायांकन सेड्युल ३० दिनको राखिएको निर्देशक सानेले बताए । आहा फिल्मसको ब्यानरमा सौरभ वली प्रस्तुतकर्ता रहेको फिल्मका निर्माता कमलप्रसाद शर्मा र सन्दीप रोकाया हुन् ।



मंगलबार, ०७ असोज २०८२ (Tuesday, 23 September 2025)

# 'तक्मे बुढा'को चलचित्र 'मैझारो' टिजरमा

■ प्रभाव संवाददाता



**काठमाडौं–** आगामी कात्तिक ७ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'मैझारो'को टिजर रिलिज गरिएको छ । निर्माण पक्षले सोमबार घटस्थापनाको दिन पारेर चलचित्रको १ मिनेट ५८ सेकेण्डको टिजर सार्वजनिक गरेको हो ।

सार्वजनिक भएको टिजरमा फिल्मका मुख्य कलाकार धिरज मगर, मिरुना मगर र दिया पुनबिचको त्रिकोणात्मक प्रेम देख्न सकिन्छ । इलामको दृश्यसँगै गाउँले परिवेशमा अभिनेता धिरज मगरलाई देख्न सकिन्छ। चिया बगानमा चिया टिप्न ढोको बोकेकी मिरुना मगरलाई डोको बोकेको देख्न सकिन्छ । सायद उनी चिया बगानमा चिया पत्ती टिप्ने काम गरेकी हुन कि भन्ने बुझिन्छ । धिरज र मिरुनाको प्रेम टिजरमा देख्न सकिन्छ । तर कुनै बाध्यताले धिरज दिया पुनसँग नजिकिएका छन् ।

धेरै जसो दर्शकले तक्मेबुढा (विल्सन विक्रम राई)भन्ने वित्तिकै कमेडी शैलीको फिल्म निर्माण गर्लान् भन्ने लागेको हुनुपर्छ । तर टिजरले मौलिक प्रेमकथामा फिल्म निर्माण भएको सङ्केत गर्छ । त्रिकोणात्मक प्रेम कथामा आधारित फिल्म 'मैझारो'लाई निर्देशक राईकै कथामा निर्माण भएको हो ।

चलचित्रमा धिरज, मिरुना र दियाका साथमा दयाहाङ राई, बुद्धि तामाङ, सुनिल थापा, पुस्कर गुरुङ, अभयराज बराल, माउत्से गुरुङ, कविता आले, रजनी गुरुङ, प्रेम सुब्बा, उदय सुब्बा, अनिल सुब्बा, भूपेन्द्र लिङदेन र विशाल लिम्बु लगायतका कलाकारको अभिनय समावेश छ ।


'तक्मे प्रोडक्सन' को ब्यानरमा निर्माण भइरहेको यस फिल्ममा अनमोल गुरुङ र तोरेम्पाहाङ राईको संगीत रहेको छ । राजेशपायल राई, झुमा लिम्बू ,मेलिना राई, अस्मिता अधिकारी लगायतको मीठो स्वर सुन्न पाइनेछ । सौरभ लामाले छायाङ्कन गरेका फिल्मको वितरण आरआर फिल्मले गर्दैछ र डिजिटल अधिकार ओएसआरले लिएको छ ।

# 'परान'मा नीर शाहको नयाँ अवतार

■ प्रभाव संवाददाता

**काठमाडौं–** कलाकार दीपकप्रसाद आचार्य (काकु) को निर्देशनमा बनेको फिल्म 'परान' को नयाँ पोस्टर सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक पोस्टरमा दिग्गज अभिनेता नीर शाह छन् । यसअघि अभिनेता महेश त्रिपाठी र अभिनेत्री अञ्जना बराईलीलाई चित्रित गर्दै पोस्टर ल्याइएको थियो । नीर शाहलाई मात्र केन्द्रमा राखेर पोस्टर सार्वजनिक गरिएको हो ।

पोस्टरमा शाह शंख फुक्दै गरेको अवस्थामा छन् । उनको अनुहारमा गम्भीरता र अनुभवको भाव स्पष्ट झल्किएको छ । यो दृश्यले फिल्मको कथामा धर्म, संस्कृति वा कुनै परम्परागत रीतिरिवाजको महत्वपूर्ण स्थान हुन सक्ने सङ्केत दिन्छ । पोस्टरले नीर शाहको भूमिका र फिल्मको कथावस्तुबारे विभिन्न अड्कलबाजीहरू उब्जाएको छ । निर्माण पक्षले भने कथाबारे केही कुरा खुलाएको छैन । 'परान' को ट्यागलाइन 'सासले होइन, साथले चल्ने' छ । जसले फिल्मको मूल सन्देश एक अर्काको साथको महत्वलाई जोड दिएको आकलन गर्न सकिन्छ ।





फिल्ममा भावनात्मक पक्ष बलियो रहेको र सम्बन्धहरूको गहिराइलाई केलाएको हुन सक्ने अनुमान गर्न सकिन्छ । शाहजस्तो अनुभवी कलाकार केन्द्रीय भूमिकामा देखिनुले 'परान' एक सशक्त कथा र उत्कृष्ट अभिनय रहेको फिल्म हुने समेत अपेक्षा गर्न सकिन्छ ।

देशकै प्रतिष्ठित व्यावसायिक घराना गोल्छा समूह तथा प्रिज्मा समूहको साझेदारी रहेको कम्पनी बाइस्कोप सिनेमा प्रालिले परानको निर्माण गरेको हो । बाइस्कोप सिनेमाको एकल ब्यानरमा पहिलो प्रोजेक्टको रूपमा फिल्म निर्माण गरिएको बाइस्कोपका प्रबन्ध निर्देशक रन्जीत आचार्यले बताए । दीपक आचार्यकै कथा रहेको फिल्मको पटकथा तथा संवाद यम थापाले तयार पारेका हुन् ।

फिल्ममा वरिष्ठ अभिनेता नीर शाहसँगै महेश त्रिपाठी, अञ्जना बराइली, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, प्रवीण खतिवडा, बुद्धि तामाङ, यासेली योङहाङ, बबिन राई, पुष्पराज ओझा, सीमा काफ्ले, दमन रूपाखेती, यमन श्रेष्ठ, सुब्रतराज आचार्य, सुरेश थापा, विनोद राई र बाल कलाकार आर्यादीप आचार्य लगायत कलाकार हरूको अभिनय छ । निर्देशक दिपक आचार्यको शब्द, रिदम कँडेलको सङ्गीत रहेको यस फिल्मका गीतमा प्रमोद खरेल, पुष्पन प्रधान र रचना रिमाललगायतले स्वर दिएका छन् ।

अजय उपाध्याय कार्यकारी निर्माता रहेको फिल्ममा शिवराम श्रेष्ठको डीओपी र मित्र डी. गुरूङको सम्पादन छ । फिल्ममा कोरियोग्राफी सुनिल क्षेत्रीको छ । 'परान' कात्तिक १४ (अक्टोबर ३१) देखि देशभरका सिनेमा हलमा प्रदर्शनमा आउनेछ ।



**साफ यु-१७ च्याम्पियनसिप:**

# फाइनल प्रवेशका लागि नेपालको प्रतिद्वन्द्वी भारत

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एसियाली फुटबल महासंघ (साफ) यु-१७ च्याम्पियनसिपमा नेपालले सेमिफाइनलमा ६ पटकको विजेता भारतसँग खेल्ने भएको छ ।

सोमबार आफ्नो अन्तिम खेलमा पाकिस्तानमाथि ३-२ को रोमाञ्चक जित हासिल गरेसँगै समूह 'बी'को विजेता बनेको भारतले सेमिफाइनलमा समूह 'ए'को उपविजेता नेपालसँग खेल्ने तालिका जुरेको हो । यो खेल बिहीबार नेपाली समयअनुसार साँझ ७:१५ बजे हुनेछ ।



कोलम्बोस्थित 'कोलम्बो स्पोर्टस कम्प्लेक्स'मा सम्पन्न खेलमा भारतलाई जित दिलाउन डल्लामुवन गांग्वटे, गुनलेइबा वाङखेइराक्पाम र रहान अहमदले गोल गरे । पाकिस्तानका लागि मुहम्मद अब्दुल्ला र हाम्जा यासीरको नाममा गोल रह्यो । २-१ ले पछाडि परेको स्थितिमा खेलको ७१औं मिनेटमा हाम्जाले पाकिस्तानलाई बराबरीमा ल्याएका थिए । तर, तीन मिनेटपछि नै रहानले निर्णायक गोल गरे । भारतले आफ्नो पहिलो खेलमा माल्दिभ्समाथि ६-० को जित हासिल गरेको थियो । दोस्रो खेलमा भारतले भुटानको चुनौती १-० ले पन्छायो । उता पहिलो खेलमा भुटानलाई ४-० ले हराएको पाकिस्तानले त्यसपछि माल्दिभ्सलाई ५-२ ले हराएको थियो ।

भारत र नेपालबीचको खेलअघि बिहीबार पहिलो सेमिफाइनलमा समूह 'ए'को विजेता बंगलादेशले समूह 'बी'को उपविजेता पाकिस्तानसँग खेल्नेछ । यो खेल नेपाली समयअनुसार दिउँसो ३:१५ बजे हुनेछ ।

# तिलोत्तमा क्रिकेट लिगको अक्सन सम्पन्न

■ प्रभाव संवाददाता

**बुटवल–** तिलोत्तमा क्रिकेट लिग (टिसीएल) को अक्सन सोमबार सम्पन्न भएको छ ।

फ्रेन्चाइज आधारित टी-२० क्रिकेट लिगमा कुल ६ टोलीले प्रतिस्पर्धा गर्ने छन् । अक्सनमार्फत प्रत्येक टोलीले समान १४ गरी ८४ खेलाडीलाई अनुबन्ध गरेको आयोजक तिलोत्तमा क्रिकेट विकास समितिले जनाएको छ ।

प्रत्येक टोलीका कप्तान र मार्की खेलाडीले १० हजार रूपैयाँ प्राप्त गरेका छन् भने बाँकी खेलाडीले ५ हजार रूपैयाँ पाए ।

टिम घोषणा अनुसार द रिभाइभलियन्सको कप्तानी सिद्धार्थ ढकालले गर्नेछन् भने मार्की खेलाडी प्रिन्स पाल रहने छन् । खेलसिकी ओर्कासको कप्तानी अञ्जिला पाठकले गर्नेछिन् । उनी ६ टोलीमध्ये एक मात्र महिला कप्तान हुन् । उनको टोलीमा मार्की खेलाडी सुशान्त सुवेदी रहेका छन् ।

बुटवल डायनामाइटको कप्तानी सागर गैरेले गर्नेछन्, मार्की खेलाडी सुप्रीम कँडेल रहेका छन् । नेपथ्य ईगलको कप्तानी लक्ष्मण कुम्हालले गर्नेछन् भने मार्की खेलाडी समीर अली रहेका छन् । विश्व लायन टर्टल्सको कप्तानी आशुतोष पाण्डेले गर्नेछन् । उनको टोलीको मार्की खेलाडी शुभम खनाल रहने छन् ।

छैटौं टोली पिके २ डीको कप्तानी सागर भण्डारीले गर्नेछन् भने मार्की खेलाडीमा रुद्रांश भट्टराई छन् । प्रतियोगिता १९ असोजदेखि एक्स्ट्राटेक ओभल क्रिकेट ग्राउन्डमा सुरु हुनेछ ।

**मलेसियन सुपर वुमन शृंखला:**

# इन्दु बर्मा वेस्टर्न वन्डर वुमनको कप्तान

**काठमाडौं (प्रस)–** मलेसियन सुपर वुमन शृंखलामा नेपालकी कप्तान इन्दु बर्माले साबिक विजेता वेस्टर्न वन्डर वुमनको पनि कप्तानी गर्ने भएकी छन् । प्रतियोगिता मलेसियन क्रिकेट संघको आयोजनामा यही सेप्टेम्बर २४ देखि ३० सम्म हुनेछ । वेस्टर्नबाट इन्दुसँगै सावित्री धामी र रचनाकुमारी चौधरीले पनि खेल्ने छन् ।

प्रतियोगिताको तेस्रो संस्करणमा सेन्ट्रल सुपर गर्ल्स, इस्टर्न लायनेस, नर्थन क्विन्स, साउथर्न जागुअर्स र वेस्टर्न वन्डर वुमन सहभागी छन् ।

मलेसियाविरुद्धको ट्वान्टी २० अन्तर्राष्ट्रिय शृंखलाको तयारीका लागि यो प्रतियोगिता नेपाली खेलाडीलाई फलदायी हुने अपेक्षा गरिएको छ । शृंखला मलेसियामा आगामी अक्टोबर २ देखि ८ सम्म हुनेछ ।





पूर्वी चीनको आन्हुई प्रान्तको हेफेईमा सन् २०२५ को विश्व उत्पादन सम्मेलनमा रोबोर्टसँग अन्तर्क्रिया गर्दै आगन्तुक बालबालिका । *तस्विरः सिन्हवा*

# गाजाको पीडामा अन्तर्राष्ट्रिय ऐक्यबद्धता, प्यालेस्टाइनलाई मान्यता दिने तयारी

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघको वार्षिक महासभा सुरु हुनुअघि फ्रान्स, बेलायत, क्यानडा, अस्ट्रेलिया र पोर्चुगलजस्ता प्रमुख राष्ट्रहरूले प्यालेस्टाइनलाई एक स्वतन्त्र र सार्वभौम राज्यको रूपमा मान्यता दिने तयारी गरेका छन् । पछिल्लो समय केही पश्चिमी मुलुकहरूद्वारा व्यक्त भएको यो समर्थनले इजरायल सरकारलाई चिन्तित बनाएको देखिएको छ ।

गाजामा जारी सशस्त्र द्वन्द्वका कारण गम्भीर मानवीय संकट उत्पन्न भएको छ । दशौं हजार नागरिकको ज्यान गइसकेको छ भने लाखौं विस्थापित भएका छन् । यिनै घटनाक्रमको पृष्ठभूमिमा अन्तर्राष्ट्रिय समुदायले दुई-राज्यीय समाधान (इजरायल र प्यालेस्टाइनको सहअस्तित्व) प्रति पुनः चासो देखाउन थालेको हो ।

फ्रान्सका राष्ट्रपति इम्यानुएल माक्रोंले साउदी युवराज मोहम्मद बिन सलमानसँगको भेटवार्ताअघि प्यालेस्टाइनलाई मान्यता दिने संकेत दिएका छन् । उनले भने, 'प्यालेस्टाइनी जनताले आफ्नो देश र पहिचानको चाहना राख्छन् ।' साथै, उनले हमासद्वारा कब्जा गरिएका बन्धकहरूको रिहाइलाई प्यालेस्टाइनी दूतावास खोल्ने पूर्वसर्तका रूपमा अघि सारेका छन् ।

यसैबीच, इजरायली परराष्ट्र मन्त्रालयले भने यस्ता मान्यताले शान्ति प्रक्रियालाई सहयोग नगरी क्षेत्रीय अस्थिरता बढाउने उल्लेख गरेको छ ।

संयुक्त राष्ट्रसंघको महासभामा यस वर्ष १४० भन्दा बढी राष्ट्र प्रमुखहरूको सहभागिता रहने छ । महासभाको प्रमुख विषयवस्तुहरूमा गाजाको युद्ध,



प्यालेस्टाइनी राज्यको हैसियत र दुई-राज्यीय समाधानका सम्भावनाहरू रहने अनुमान गरिएको छ । यद्यपि, प्यालेस्टाइनी राष्ट्रपति महमुद अब्बासलाई अमेरिका सरकारले भिसा नदिएपछि उनी महासभामा प्रत्यक्ष सहभागी हुन पाउने छैनन् । तथापि, महासभाले विशेष निर्णयमार्फत उनलाई भिडियोमार्फत सम्बोधन गर्ने अनुमति प्रदान गरेको छ ।

सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमा गराएको आक्रमणमा एक हजार २१९ जना इजरायली नागरिकको मृत्यु भएको थियो । त्यसपश्चात् गाजामा गरिएको इजरायली सैन्य कारबाहीमा ६५ हजार ६२ भन्दा बढी प्यालेस्टाइनीको मृत्यु भएको छ, जसमा अधिकांश सर्वसाधारण रहेको उल्लेख गरिएको छ ।

यी तथ्यांकहरू हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले प्रदान गरेको हो, जसलाई संयुक्त राष्ट्रसंघले विश्वसनीय मानेको छ । इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहूले आफ्नो धारणा पुनः स्पष्ट गर्दै प्यालेस्टाइनी राज्यको सम्भावना स्वीकार्य नहुने बताए । उनका केही मन्त्रीहरूले वेस्ट बैंकलाई इजरायलमा गाभ्नुपर्ने मागसमेत गरेका छन् ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले भने, 'हामी प्रतिशोधको डरले नडराई अघि बढ्नुपर्छ । अहिलेको परिस्थितिमा अन्तर्राष्ट्रिय समुदायले सक्रिय भई शान्तिका लागि दबाब सिर्जना गर्नुपर्छ ।'

महासभाको सत्रमा यसपटक गाजाको युद्धसँगै इरानको आणविक कार्यक्रम, युक्रेनमा जारी संघर्ष र रुसद्वारा छिमेकी मुलुकहरूको हवाई क्षेत्र उल्लंघनसम्बन्धी विषयमा पनि व्यापक छलफल हुने अपेक्षा गरिएको छ । *रासस⁄एएफपी*

# इण्डोनेसिया र युरोपेली संघबीच ऐतिहासिक व्यापार सम्झौता

**जकार्ता–** झण्डै एक दशक लामो वार्तापछि इण्डोनेसिया र युरोपेली संघबीचको व्यापार सम्झौता मंगलबार बाली द्वीपमा हस्ताक्षर हुने भएको छ । यो सम्झौताले दुवै पक्षलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको भन्सार नीतिको प्रभावबाट जोगाउने उद्देश्य राखेको छ । प्राकृतिक स्रोतले भरिपूर्ण इण्डोनेसिया र २७ सदस्यीय युरोपेली समूहबीच यो सम्झौताले आर्थिक सम्बन्धलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ ।

## अमेरिकाको नीतिपछि वार्ता तीव्र

सन् २०१६ देखि वार्ता सुरु भए पनि प्रारम्भमा खासै प्रगति हुन सकेको थिएन । इण्डोनेसियाको खाने तेल र वन विनाससम्बन्धी विवादले सम्झौतामा अवरोध पुऱ्याएको थियो । तर, अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा लागू गरिएको भन्सार नीतिले सम्झौताको प्रक्रिया तीव्र बनाएको विज्ञहरूको भनाइ छ । इण्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबियाँतो र युरोपेली आयोग प्रमुख उर्सुला भोन डर लायनबीच ब्रसेल्समा सन् २०२५ को जुलाईमा 'राजनीतिक सहमति' भएको घोषणा गरिएको थियो ।

## इण्डोनेसियाली वस्तुमा भन्सार हटाइने

सम्झौता लागू भएपछि करिब ८० प्रतिशत इण्डोनेसियाली वस्तुहरू युरोपेली बजारमा भन्सारमुक्त हुने छन् । इण्डोनेसियाको मुख्य निर्यात वस्तुजस्तै खाने तेल, जुत्ता, कपडा र माछाजन्य उत्पादनलाई प्रत्यक्ष फाइदा पुग्ने सरकारको विश्वास छ । युरोपेली संघकी प्रमुखले सम्झौताले स्वच्छ ऊर्जा र डिजिटल प्रविधिमा प्रयोग हुने कच्चा पदार्थहरूको आपूर्ति सुदृढ गर्न सहयोग पुग्ने बताएकी छन् ।

युरोपेली संघ इण्डोनेसियाको पाँचौं ठूलो व्यापार साझेदार हो, जससँग सन् २०२४ मा दुई पक्षबीचको व्यापार ३० अर्ब अमेरिकी डलर पुगेको थियो । यो सम्झौताले झण्डै २८ करोड जनसंख्या भएको इण्डोनेसियाली बजारमा युरोपेली व्यवसायीहरूको पहुँच अझ सजिलो बनाउने छ । साथै, सम्झौताले दुवै देशका उद्योगहरूलाई कानुनी सुरक्षा पनि दिने छ ।

सम्झौताको पृष्ठभूमिमा इण्डोनेसिया र युरोपेली संघबीच वन विनाससम्बन्धी नीतिले सम्बन्ध केही तनावग्रस्त बनाएको थियो । युरोपेली संघले वन विनाससँग जोडिएका उत्पादनहरूमा प्रतिबन्ध लगाउने तयारी गरेपछि इण्डोनेसियाले आपत्ति जनाएको हो । वातावरण संरक्षणमा काम गर्ने समूहहरूले भने सम्झौता भएपछि वन विनास अझ बढ्न सक्ने चिन्ता व्यक्त गरेका छन् ।

सम्झौता हस्ताक्षर भएपछिको चरणमा दुवै पक्षले कानुनी परीक्षण तथा कागजातहरूको अनुवाद गर्ने छन् । त्यसपछि युरोपेली संघका सदस्य राष्ट्र, युरोपेली संसद् तथा इण्डोनेसियाको संसद्ले अनुमोदन गर्नुपर्ने छ । सरकारले अनुमान गरेका सम्झौता सन् २०२७ भित्र कार्यान्वयनमा ल्याइने जनाएको छ । *रासस⁄एएफपी*

# बंगलादेशमा डेंगुका कारण एकै दिन १२ जनाको मृत्यु

**ढाका–** बंगलादेश स्वास्थ्य सेवा महानिर्देशनालयले आइतबार सार्वजनिक गरेको रिपोर्टअनुसार देशमा डेंगु संक्रमणका कारण एकैदिन १२ जनाको मृत्यु भएको छ, जुन यस वर्षका लागि सबैभन्दा उच्च मृत्यु संख्या हो ।

हालसम्म डेंगुबाट मृत्यु हुनेहरूको कूल संख्या १७९ पुगेको स्वास्थ्य सेवा महानिर्देशनालयले जानकारी दिएको छ । पछिल्लो २४ घण्टामा ७४० नयाँ संक्रमित फेला परेपछि यस वर्ष डेंगुका कूल संक्रमितहरूको संख्या ४१ हजार ८३१ पुगेको छ ।

डेंगु रोग मुख्यतः वर्षायाम अर्थात् जुनदेखि सेप्टेम्बरसम्म बंगलादेशमा व्यापकरूपमा फैलिने गर्दछ । मच्छरजन्य रोगहरूका लागि संवेदनशील मानिने यस देशमा यस रोगको नियन्त्रणका लागि सतर्कता र प्रभावकारी कदम चालिनु आवश्यक रहेको विज्ञहरूले बताएका छन् ।

सरकारले डेंगु नियन्त्रण र रोकथाममा जनचेतना अभिवृद्धि गर्न विशेष पहल गर्ने जानकारी दिएको छ । *रासस⁄सिन्ह्वा*

# फिलिपिन्समा सुपर टाइफुन रागासा, चीनमा चार लाखलाई सार्ने तयारी



**मनिला–** सुपर टाइफुन रागासा फिलिपिन्सको उत्तरमा अवतरण गरेपछि चीनको सेञ्जेन सहरले करिब चार लाख मानिसलाई निकाल्ने तयारी थालेको छ ।

फिलिपिन्स मौसम सेवाका अनुसार दिउँसो ३ बजे (०७०० जिएमटी) टाइफुनले अत्यन्त कम जनसंख्या भएको बाबुयान शृंखलाको कालायन टापुमा जमिन छोयो । दिउँसो २ बजेसम्म आँधीको केन्द्रमा २१५ किलोमिटर प्रतिघण्टा स्थिर हावा र २९५ किलोमिटरसम्मका झट्कासहितको हावाको रिपोर्ट गरिएको थियो ।

'तीव्र हावाले झ्यालमा ठोक्किँदा स्वीच अन भएको मेसिनजस्तो लाग्यो,' उत्तरी कागायन प्रान्तको अपारीका बासिन्दा तिर्सो तुगागाओले भने । प्रान्तीय विपद् प्रमुख रुएली राप्सिङले आफ्ना टोलीहरू 'सबैभन्दा खराब' अवस्थाका लागि तयारीमा रहेको बताए ।

मनिला र अन्य २९ प्रान्तमा विद्यालय तथा सरकारी कार्यालय बन्द भएका छन् । देशभर १० हजारभन्दा बढी मानिसलाई निकासी गरिएको छ ।

चीनतर्फ सेञ्जेनमा ठूलो स्तरको सारसार गर्ने तयारी भइरहेको छ । तटीय र तल्लो क्षेत्रका बासिन्दालाई आइतबार रातिदेखि नै सार्ने योजना बनेको हो । गुआंडोङ प्रान्तका अन्य सहरहरूमा पनि कक्षा तथा कामकाज रोकिएको छ भने सार्वजनिक यातायात स्थगित गरिएको छ ।

हङकङस्थित क्याथे प्यासिफिकले ५०० भन्दा बढी उडानहरू रद्द गर्ने घोषणा गरेको छ । मंगलबार साँझ ६ बजेदेखि अन्तर्राष्ट्रिय विमानस्थलमा यातायात अवरुद्ध हुने र बिहीबार दिउँसोतिर मात्र पुनः सुरु हुने बताइएको छ ।

ताइवानको मौसम सेवाले देशको पूर्वी भागमा 'अत्यन्त मुसलधारे वर्षा' हुने चेतावनी दिएको छ । करिब ३२० किलोमिटर फैलिएको आँधीको दायरा अहिले नै टाढा भागसम्म असर गरिरहेको बताइएको छ । पिङटुङ नजिकैको पहाडी क्षेत्रमा निकासी कार्य भइरहेको स्थानीय अधिकारी जेम्स वुले जानकारी दिए ।

'क्षति दुई वर्षअघि टाइफुन कोइनुजस्तै हुने डर छ,' उनले युटिलिटी पोलहरू ढलेको र छाना उडेको विवरण दिँदै भने । फिलिपिन्स मौसमविद् जोन ग्रेण्डर अल्मारियोले उत्तरी लुजोनमा 'गम्भीर बाढी र भूःस्खलन' हुनसक्ने चेतावनी दिएका छन् । विगतका वर्षा नियन्त्रण आयोजना अपूरै रहेका वा बिग्रिएका कारण भ्रष्टाचारविरुद्धको विरोध प्रदर्शनपछि आएको यो खतरा थप संवेदनशील बनेको हो ।

प्रशान्त चक्रवात् बेल्टको अगाडि पर्ने फिलिपिन्समा वर्षैभर औसत २० वटा आँधीबेहरी वा टाइफुन आउने गर्छन् । यसले लाखौंलाई गरिबी र विपद्-जोखिममा पारिरहेको छ । वैज्ञानिकहरूले भने विश्व तातो हुँदै जाँदा मानवसिर्जित जलवायु परिवर्तनका कारण आँधीबेहरी अझ शक्तिशाली बन्दै गएको चेतावनी दिएका छन् । *रासस⁄एएफपी*

# विश्व शान्तिका लागि तीन महादेशको साझा प्रतिबद्धता



**संयुक्त राष्ट्रसंघ–** अफ्रिकी संघ (एयू), युरोपेली संघ (इयू) र संयुक्त राष्ट्रसंघका उच्चस्तरीय प्रतिनिधिहरूले आइतबार संयुक्त राष्ट्रसंघको मुख्यालयमा भेला भएर आजका विश्वव्यापी चुनौतीहरू सामना गर्न बहुपक्षीय साझेदारीलाई सबैभन्दा प्रभावकारी उपायको रूपमा पुनः पुष्टि गरेका छन् ।

बैठकमा एयू आयोगका अध्यक्ष महमूद अली युसुफ, युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्ता, युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन देर लेयन र संयुक्त राष्ट्र महासचिव एन्टोनियो गुटेर्रेससहित ती तीन संगठनका वरिष्ठ प्रतिनिधिहरूले सहभागिता जनाएका थिए । तीन संगठनहरूले जारी संयुक्त विज्ञप्तिमा अन्तर्राष्ट्रिय कानुन, मानवीय कानुन र मानवअधिकारको सम्मानमा देखिएको कमीप्रति गम्भीर चिन्ता व्यक्त गर्दै संयुक्त राष्ट्र सन्धिको पूर्णपालना आवश्यक रहेकोमा जोड दिएका छन् ।

बैठकमा विशेषगरी सुडानमा जारी द्वन्द्वको शीघ्र अन्त्य गर्ने विषयमा संवेदनशीलता र गम्भीरताका साथ छलफल भएको थियो । साथै, आतंकवादी सशस्त्र समूहहरूको विरुद्ध संघर्षलाई अझ सुदृढ पार्ने, सहिष्णुता प्रवर्द्धन गर्ने र विकासका लागि आवश्यक पहलहरू गर्ने विषयमा विचार विमर्श गरिएको थियो । तीनै संगठनहरूले लिबियामा राजनीतिक प्रक्रिया पुनः जीवित गर्न संयुक्त राष्ट्रको रोडम्यापलाई पूरा समर्थन जनाएको छ । पूर्वी कंगो लोकतान्त्रिक गणराज्यका शान्ति पहलहरू, सोमालियामा अफ्रिकी संघको समर्थन तथा स्थिरीकरण मिसनलाई साथ दिने विषयमा पनि सकारात्मक छलफल भएको थियो । त्यस्तै, अफ्रिका र विश्वका अन्य भागहरूमा शान्ति अभियान्त्रणहरूको पुनरावलोकन गर्ने विषयमा विचार आदानप्रदान गरिएको थियो ।

तीन संगठनहरूले संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्तावअनुसार अफ्रिकी संघ नेतृत्वमा शान्ति समर्थन कार्यका लागि वित्तीय व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन निरन्तर प्रयास गर्न आग्रह गरेका छन् । अफ्रिकामा दिगो शान्ति र विकासका लागि संयुक्त प्रतिबद्धता पनि पुनः व्यक्त गरिएको छ । साथै, विकासका लागि वित्तीय स्रोत जुटाउन, लगानी प्रवर्द्धन गर्न र विकासशील देशहरूका ऋण समस्या समाधान गर्न सिविल्ला प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन आवश्यक रहेकोमा सबैको सहमति थियो ।

जी-२० को दक्षिण अफ्रिका अध्यक्षतामा बहुपक्षीय विकास बैंकहरूको सुधार र ऋण व्यवस्थापनमा थप प्रगति आवश्यक रहेको कुरामा पनि बैठकमा सहमति भएको छ । जलवायु परिवर्तनका कारण संसारभर देखिएका चुनौतीप्रति गम्भीर चिन्ता व्यक्त गर्दै आगामी नोभेम्बरमा ब्राजिलमा आयोजना हुने कोप-३० सम्मेलनमा महत्त्वाकांक्षी प्रतिबद्धता गर्न आह्वान गरिएको छ । तीन संगठनहरूले आगामी वर्ष सन् २०२६ मा संयुक्त राष्ट्र महासभाको ८१औं सत्रको अवसरमा फेरि बैठक बस्ने सहमति पनि व्यक्त गरेका छन् । *रासस⁄सिन्ह्वा*

## शान्ति र स्थिरताका लागि राष्ट्रसंघको दृढ प्रतिबद्धता

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले अन्तर ाष्ट्रिय शान्ति दिवसको अवसरमा विश्व समुदायलाई 'सहकार्य र समझदारीको पुल बनाउन र स्थिरता तथा समृद्धि स्थापना गर्न' अपिल गरेका छन् । उनले भने, 'शान्ति प्रतीक्षा गर्न सकिँदैन, किनभने द्वन्द्वले ग्रस्त संसार शान्तिका लागि तात्कालिक आवाज उठाइरहेको छ ।'

### विश्वमा द्वन्द्व र त्यसको प्रभाव

गुटेर्रेसले विश्वका विभिन्न भागमा बढ्दो द्वन्द्वका कारण धेरै मानिसहरूको जीवन ध्वस्त भएको, बाल्यकाल हराएको र आधारभूत मानवअधिकारहरूको अवमूल्यन भइरहेको उल्लेख गरे । 'हामी द्वन्द्वको विष्फोट देखिरहेका छौं, अन्तर्राष्ट्रिय कानुन उल्लंघन भइरहेको छ र अभूतपूर्व संख्यामा मानिसहरू आफ्ना घरबार छोड्न बाध्य छन् ।'

### शान्ति सबैको साझा जिम्मेवारी

महासचिवले शान्ति सबैको साझा जिम्मेवारी भएको भन्दै, दिगो विकासले शान्ति स्थापना गर्न सहयोग गर्ने तर अहिले विकासमा पछाडि रहेका अधिकांश देशहरूमा द्वन्द्व जारी रहेको उल्लेख गरे । उनले अन्तर्राष्ट्रिय समुदायलाई जातीय विभेद, मानवीय अपमान र गलत सूचनाजस्ता द्वन्द्व बढाउने कारणहरूलाई अन्त्य गर्न आह्वान गरे र सबैलाई 'सम्मान र सहिष्णुताको भाषा बोल्न' आग्रह गरे ।

### शान्ति नै आशाको प्रतीक

'जहाँ शान्ति हुन्छ, त्यहाँ आशा पनि हुन्छ,' गुटेर्रेसले भने, 'शान्तिका कारण परिवारहरू पुनः एकताबद्ध हुन्छन्, समुदायहरू पुनर्निर्माण हुन्छन्, र बालबालिकाहरूले सुरक्षित वातावरणमा शिक्षा र खेलकुद गर्न पाउँछन् ।'

अन्तर्राष्ट्रिय शान्ति दिवस सन् १९८१ मा संयुक्त राष्ट्र महासभाद्वारा स्थापना गरिएको हो । सन् २००१ मा यस दिनलाई विश्वव्यापी अहिंसा र युद्धविरामको समयका रूपमा घोषणा गरिएको छ । *रासस⁄सिन्ह्वा*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २१७८०० | प्रति तोला – ० | प्रति तोला – २६५० |

उद्योगमन्त्री सिन्हाको पदबहाली

## पुनर्निर्माणमा स्वदेशी सामग्रीको प्रयोग गर्न निर्देशन



■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले सिंहदरबारस्थित मन्त्रालयमा पदबहाली गरेका छन् । पदबहालीपछि उनले जेनजी आन्दोलनका क्रममा क्षति भएका भवन निर्माण गर्दा सकेसम्म स्वदेशी सामग्री नै प्रयोग गर्नेसम्बन्धी पहिलो निर्णयमा हस्ताक्षर गरे ।

त्यस अवसरमा उनले पुननिर्माण गर्दा केही महंगो भए पनि स्थानीय उत्पादन नै प्रयोग गर्न प्रोत्साहन गर्ने नीति सरकारको रहेको बताए । मन्त्री सिन्हाले उद्योग व्यवसायलाई सहजीकरण नगरीकन देशमा आर्थिक उन्नति गर्न नसकिने भन्दै यो कदमले केही हदसम्म उद्यम विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उनले भने, 'अहिलेको मूल उद्देश्य भनेको तत्कालका लागि घाइते र सहादत प्राप्त गर्नेहरूका परिवारलाई रोजगारीको अवसर दिने र युवाको सीप व्यवस्थापनमा जोड दिने हो । युवालाई देशमा बस्ने वातावरण मिलाउन सीप विकास र व्यवस्थापनको आवश्यकता छ । यसमा लाग्छौं ।'

मन्त्री सिन्हाले अन्तरिम सरकारको पहिलो लक्ष्य स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण तरिकाले चुनाव गराउने र राज्य सञ्चालनको जिम्मा निर्वाचित सरकारलाई हस्तान्तरण गर्ने रहेको प्रष्ट्याए । उनले आगामी चुनावमा नयाँ अनुहारलाई सदनमा देख्न पाउने आशा व्यक्त गरे । 'छ महिनामा धेरै उपलब्धि हासिल गर्ने आशा नराखौं । कार्यविधिगत कुरामा सहजीकरण गर्नेका साथै अनलाइन प्रविधिको प्रयोग गर्ने सोचेको छु', मन्त्री सिन्हाले भने, 'जेनजीहरूले दिएको योगदान खेर जान नदिने गरी काम गर्नेछौं ।

### कृषिमन्त्री परियारले सम्हाले पदभार

**काठमाडौं (प्रस)** – नवनियुक्त कृषि तथा पशुपन्छी विकासमन्त्री डा. मदनप्रसाद परियारले पदभार ग्रहण गरेका छन् ।

सिंहदरबारस्थित मन्त्रालयमा पदभार ग्रहण गर्दै उनले नेपाल र कोरियाबीच आलु र धान बालीमा अनुसन्धान गर्न यसअघि भएको सम्झौतालाई कार्यान्वयन गर्न समन्वय समिति गठन गर्ने प्रस्ताव सदर गरेका छन् । मन्त्रालयका सचिवको नेतृत्वमा गठन हुने समितिले यसमा समन्वयको काम गर्ने जनाइएको छ ।

पदभार ग्रहणपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री डा परियारले निर्वाचनलाई प्राथमिकतामा राखेर कृषि क्षेत्रमा केही फरक काम गर्ने प्रतिबद्धता जनाए । शासकीय सुधार र बेथिति रोक्ने काममा सरकार लागिपर्ने उनको भनाइ थियो ।

## 'कानुन नबनेसम्म जलविद्युत्को आइपिओ रोक्न मिल्दैन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री रामेश्वरप्रसाद खनालले जलविद्युत् कम्पनीलाई बत्ती बलेपछि मात्रै आइपिओ अनुमति दिन उचित हुने सुझाव दिइएको भए पनि कानुन नबन्दै अनुमति रोक्न नमिल्ने बताएका छन् । सोमबार स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)को प्रतिनिधिमण्डलसँग भेट गर्दै अर्थमन्त्री खनालले जलविद्युत कम्पनीको आइपिओ जारी गर्ने सम्बन्धमा थप कानुन नबन्दै निवेदन दिइसकेका कम्पनीको आइपिओ नमिल्ने बताएका हुन् ।

उक्त भेटमा जलविद्युत कम्पनीहरूको धितोपत्रको निष्काशन तथा बिक्रीका सम्बन्धमा कुरा गर्दै इप्पानका अध्यक्ष गणेश कार्कीले धितोपत्र बोर्डले २८ महिनादेखि जलविद्युत कम्पनीको आइपिओ रोकेका कारण प्रवर्द्धक र राज्यलाई गरी समग्रमा एक खर्ब रूपैयाँभन्दा बढीको आर्थिक नोक्शानी भइसकेको बताए ।

अध्यक्ष कार्कीले पाइपलाइनमा भएका ४ दर्जन कम्पनीको २३ अर्ब रूपैयाँभन्दा बढीको सार्वजनिक निष्काशन यथाशिघ्र गरिनुपर्ने, जलविद्युत कम्पनीहरूलाई आइपिओको अनुमति पाउन नेटवर्थ नचाहिने व्यवस्था गरिनुपर्ने, ठूलो रकम लगानी हुने भएकैले ऊर्जा आयोजनाले निर्माणाधीन अवस्थामै स्थानीय र सर्वसाधारणलाई सेयर जारी गर्नैपर्ने कानुनी व्यवस्था गरिएकोले बिना कुनै कानूनी आधार विद्युत उत्पादन सुरु नगरेसम्म आइपिओको निवेदन नै नलिने धितोपत्र बोर्डको बदनियनपूर्ण निर्णय खारेज गरी ५० प्रतिशत निर्माण पुरा भएपछि आइपिओको निवेदन दिने र ६५ प्रतिशत निर्माण पुरा भएपछि आइपिओको अनुमति पाउने नियम कार्यान्वयन गरिनुपर्ने र सिडीएससीले सर्वसाधारण र प्रवर्द्धकहरूलाई छुट्टाछुट्टै आइजीन नम्बर दिने भन्दै सार्वजनिक निष्काशन गरिसकेका जलविद्युत कम्पनीको सेयर नेप्सेमा सूचीकृत नगरेकोले दोहोरो आइजीनको व्यवस्था खारेज गरी ती कम्पनीको सेयर सूचीकृत हुनुपर्ने माग अर्थमन्त्री खनालसामु राखेका थिए ।

त्यस्तै आइपिओ धितोमा ऋण लिएका कम्पनीहरूलाई बैंकले ऋण चुक्ता गर्न ताकेता गर्न थालेको र बत्ति नबलेका आयोजनालाई यस्तो ऋण दिन बन्द गरेको र आइपिओबाट समेत पैसा आउने बाटो अनिश्चित भएकाले बत्ती बाल्ने चरणमा पुगेका दर्जनौ जलविद्युत आयोजनाको निर्माण लम्बिएर ठूलो रकम दायित्व बढिसकेकाले समस्या समाधानका लागि गम्भीर भइदिन पनि अध्यक्ष कार्कीले खनाललाई आग्रह गरे ।



▸▸ नयाँ कानुन बनाउन अथवा कानुन संशोधन गर्न प्रतिनिधिसभा चाहिने तर अहिले प्रतिनिधिसभा विघटन भएकाले साविककै कानुन अनुसार जलविद्युत कम्पनीहरूले आइपिओको अनुमति लगायतका सुविधा पाउनुपर्नेमा म स्पष्ट छु ।



▸▸ धितोपत्र बोर्डले २८ महिनादेखि जलविद्युत कम्पनीको आइपिओ रोकेका कारण प्रवर्द्धक र राज्यलाई गरी समग्रमा एक खर्ब रूपैयाँभन्दा बढीको आर्थिक नोक्शानी भइसकेको छ ।

चालु आर्थिक वर्षको बजेटमा नदी प्रवाहमा आधारित (आरओआर) आयोजनाको विद्युत खरिद सम्झौता (पीपीए) मा लिऊ र तिर (टेक एण्ड पे) व्यवस्था समावेश गरेकोमा बजेट पारित हुँदा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले यो व्यवस्था जलविद्युत विकासको विरुद्धमा हुने देखिएर फिर्ता गरिएको भनी प्रतिनीधिसभामा सम्बोधन गरेपनि हालसम्म बजेटबाट नहटाइएकोले १० मेगावाटभन्दा साना आयोजनाको नियमित रूपमा हुँदै आएको पीपीए पनि रोकिएको र अध्ययन सकेर पीपीएको पाइपलाइमा बसेका १३ हजार मेगावाट बराबरका आयोजनाको पनि पीपीए अनिश्चित भएकोले बजेटबाट टेक एण्ड पे पीपीएको व्यवस्था हटाएर पीपीए खुला गर्नका लागि सहजिकरण गरिदिन पनि इप्पानले अर्थमन्त्री खनाललाई आग्रह गरेको छ ।

त्यस्तै विद्युत ऐनमा नै जलविद्युत आयोजनाका स्पेयर्स पार्टस् आयात गर्दा १ प्रतिशत मात्र भन्सार लाग्ने व्यवस्था हुँदाहुँदै सरकारले पछिल्लो दुई वर्षदेखि २८ प्रतिशत भन्सार लिएर मात्रै स्पेयर्स पार्टस् आयात गर्न दिइरहेकोले विद्युत ऐनको व्यवस्थामा टेकेर स्पेयर्स पार्टस् आयातको व्यस्था गरिदिन र जलविद्युत आयोजनालाई स्थानीय सरकारले आफूखुसी कर तोकेर पत्र काट्ने, सेयर माग्ने काम गरिरहेकाले यस्ता गतिविधि रोक्न पनि इप्पानले अर्थमन्त्री खनालसँग माग गरेको छ ।

इप्पान प्रतिनिधि मण्डलको कुरा सुनेपछि अर्थमन्त्री खनालले जलविद्युत कम्पनीलाई बत्ती बलेपछि मात्रै आइपिओको अनुमति दिनुउपयुक्त हुने सुझाव आफूले दिएको भएपनि उक्त सुझाव कार्यान्वयनका लागि आवश्यक कानुन बनिनसकेको र अहिले प्रतिनिधिसभा विघटन भइसकेको अवस्थामा तत्काल नयाँ कानुन बन्ने वा संशोधन हुने अवस्था पनि नरहेकोले साविककै कानुन अनुसार सबै कम्पनीले आइपिओ अनुमति पाउनुपर्ने बताए ।

निर्माण सम्पन्न नभएका आयोजनाको धितोपत्र बोर्डले आवेदन लिनै नमानेको कुरामा अर्थमन्त्री खनालले प्रतिप्रश्न गर्दै भने, 'बत्ति बालेपछि आइपिओ दिने सुझाव कार्यान्वयनका लागि कानुन नै बनेको छैन, अहिलेदेखि नै किन रोकेको ?'

अर्थमन्त्री खनालले नयाँ कानुन बनाउन अथवा कानुन संशोधन गर्न प्रतिनिधिसभा चाहिने तर अहिले प्रतिनिधिसभा विघटन भएकाले साविककै कानुन अनुसार जलविद्युत कम्पनीहरूले आइपिओको अनुमति लगायतका सुविधा पाउनुपर्नेमा आफू स्पष्ट रहेको पनि बताए ।

उनले नयाँ कानुन ल्याउन नसके पनि साविककै कानुनमा टेकेर सरकारलाई प्राप्त म्यान्डेट अनुसार ऊर्जा उत्पादकहरूको मनोबल बढाउने गरी काम गर्ने प्रतिवद्धता पनि जनाए ।

## कर्पोरेट

### मन्जुश्री फाइनान्सको 'मञ्जुश्री स्मार्ट एप' सञ्चालनमा

**काठमाडौं (प्रस)**– मन्जुश्री फाईनान्स लिमिटेडले नेपालीहरूको महान चाड विजया दशमीको उपलक्ष्यमा आफ्नो मञ्जुश्री स्मार्ट एप बाट निशुल्क रकमान्तर गर्ने सुबिधा ग्राहकका लागि ल्याएको छ । ग्राहकहरूको सुविधालाई मध्यनज°र गर्दै आफ्नो मञ्जुश्री स्मार्ट एपबाट निशुल्क रकमान्तर गर्न मिल्ने यो सुबिधा दशैंको घटस्थापनाको दिन देखि पुर्णिमाको दिनसम्म उपयोग गर्न मिल्ने छ । यो सुविधा अन्तर्गत ग्राहकहरूले मञ्जुश्री स्मार्ट एपको फन्ड ट्रान्सफर मार्फत फोन पे डाइरेक्ट तथा इन्स्ट्यान्ट ट्रान्सफर जुन माध्यमबाट पनि निशुल्क रकमान्तर गर्न सक्नेछन । आफ्ना ग्राहकहरूको लागि विभिन्न सुविधाहरू ल्याइरहेको मन्जुश्रीले यो दशैंमा नि:शुल्क रकमान्तरको योजना ल्याएको छ ।




हालसम्म करिब २३ अर्ब निक्षेप संकलन गरि करिब १९.२ अर्ब कर्जा परिचालन गरेको यस मन्जुश्री फाईनान्सले निक्षेपमा आकर्षक ब्याजदर तथा सुलभ दरमा कर्जा प्रबाह गर्दै आइरहेको छ । फाईनान्सले हालसम्म २७ वटा शाखाका साथै एउटा विस्तारित काउन्टरबाट आफ्नो ग्राहकहरूलाई उत्कृष्ट बैंकिंग सेवा उपलब्ध गराईरहेको छ ।

### भेस्पा स्कुटरको नयाँ बिएस-६ लाइनअप नेपालमा

**काठमाडौं (प्रस)**– भेस्पा स्कुटरको नयाँ बीएस६ लाइनअप नेपालमा सार्वजनिक गरिएको छ । डेल्टा अटोकर्प प्रा. लि., नेपालका लागि भेस्पा स्कुटरको अधिकारिक बिक्रेताले भेस्पाका नयाँ बीएस भीआई ओबिडी स्टेज बी इन्जिनसहितका प्रिमियम स्कुटरहरू नेपाली बजारमा औपचारिक रूपमा सार्वजनिक गरेको हो ।

नयाँ लाइनअप वातावरण मैत्री प्रविधि, उत्कृष्ट माइलेज, र उत्कृष्ट परफर्मेन्सका साथै प्रिमियम डिजाइन र आकर्षक रंगमा उपलब्ध हुने घोषणा गरिएको छ ।

नयाँ भेस्पा सिरिजमा तीन मोडेलहरू समावेश छन्। भेस्पा जेडएक्स १२५ रु. ३,४९,००० मा उपलब्ध हुनेछ, जसले क्लासिक डिजाइन र आधुनिक आकर्षणलाई संयोजन गरेको छ र पर्ल ह्वाइट, रेड ड्रागन, नेरो ब्ल्याक र अज्जुरो प्रोवेन्जा जस्ता रंगमा प्रस्तुत गरिएको छ । भेस्पा १२५ को मूल्य रु. ३,९९,००० निर्धारण गरिएको छ, जसले इटालियन स्टाइलिङ र उच्चस्तरीय आरामलाई जोड दिएको छ र ग्लोसी ग्रीन, अज्जुरो प्रोवेन्जा, रोस्सो रेड, नेरो ब्ल्याक, पर्ल ह्वाइ रंगमा उपलब्ध हुनेछ । त्यस्तै, भेस्पा एस १२५ रु. ४,०९,००० मा प्रस्तुत गरिएको छ, जसले स्पोटी र स्टाइलिश लुक प्रस्तुत गर्छ र पर्ल ह्वाइट, नेरो ब्ल्याक, ओलिभ ग्रीन, जियालो येलो, ग्लोसी ओरेंज रंगमा पाइनेछ ।




इटालियन परम्परा र सांस्कृतिक सौन्दर्यको प्रतीक भेस्पा, विश्वभर आकर्षक डिजाइन, जीवन्त रङ र सशक्त प्रदर्शनका लागि परिचित छ ।

## पोखराका पर्यटन व्यवसायीले गरे अर्थमन्त्रीको ध्यानाकर्षण

■ प्रभाव संवाददाता

**गण्डकी–** अर्थमन्त्री रामेश्वर खनालसँग भेट गरेर पोखराका पर्यटन व्यवसायीले पर्यटन क्षेत्रका समस्याबारे ध्यानाकर्षण गराएका छन् ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी नेतृत्वको टोलीले आज सिंहदरबारस्थित मन्त्रालयमा भेट गरी अर्थमन्त्री खनाललाई पर्यटन क्षेत्रको पुनःउत्थानलगायत विषयमा ध्यानाकर्षण गराइएको हो । उक्त अवसरमा मन्त्री खनाललाई विभिन्न मागसहित ध्यानाकर्षणपत्र पनि बुझाइएको थियो ।

भेटमा परिषद्का पूर्वअध्यक्ष एवं नेपाल पर्यटन बोर्डका पूर्वसदस्य टीकाराम सापकोटा, रेवान पोखराका अध्यक्ष विश्वराज पौडेल, पूर्व अध्यक्ष नरेशबहादुर भट्टराई, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहाल र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने सहभागी थिए ।

पर्यटन व्यवसायको मुख्य याम सुरू हुन लाग्दा भएको 'जेनजी' प्रदर्शन र त्यस क्रममा भएका आगजनी तथा तोडफोडबाट पर्यटन क्षेत्रमा ठूलो क्षति पुगेको ध्यानाकर्षणपत्रमा उल्लेख छ । आन्दोलनका क्रममा व्यावसायिक प्रतिष्ठानमाथि गरिएको तोडफोड, आगजनी तथा लुटपाटमा संलग्न व्यक्ति तथा समूहको पहिचान गरी कानुनी कारबाही गर्न र पीडित व्यवसायीलाई यथाशिघ्र क्षतिपूर्तिको व्यवस्था गरिदिन माग गरिएको छ ।

'पर्यटन याम सुरूआतमा प्रदर्शनपछि निकै सङ्कटको अवस्था आएको छ । हालको परिस्थिति, पर्यटकीय याम फागुनमा घोषित निर्वाचन तथा राजनीतिक अस्थिरताले लामो समयसम्म पर्यटक आउने सम्भावना निकै कम छ । त्यसैले व्यवसायीहरूले लिएको बैङ्क कर्जा एवं ऋणको ब्याज तथा किस्ता भुक्तानी गर्न चैत मसान्तसम्म नै असम्भवजस्तै अवस्था आउनसक्छ। त्यसैले किस्ता, ब्याज तिर्ने म्याद थपेर कुनै शुल्क वा जरिवाना नलिने व्यवस्थाका लागि हाम्रो आग्रह छ । साथै व्यवसया सञ्चालनका लागि थप सहुलियतसहित कर्जा उपलब्ध गराउन सहजीकरणको खाँचो छ', ध्यानाकर्षण पत्रमा भनिएको छ ।

यसैगरी पर्यटन उद्योगलाई दिइने कर्जाको ऋण तिर्ने अवधि कम्तीमा २५ वर्षको बनाउन र पुनःकर्जा सुविधा उपलब्ध गरिदिन आग्रह गरिएको छ । परिषद् नेतृत्वको टोलीले आइतबार गभर्नर डा. विश्व पौडेल, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीसँग भेट गरी पर्यटन क्षेत्रको पुनःउत्थानलगायत विषयमा छलफल गरेको परिषद्का अध्यक्ष पहारीले जानकारी दिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ